महालेखापरीक्षकको

# वार्षिक प्रतिवेदन

## २०७९

## चम्पादेवी गाउँपालिका

ओखलढुङ्गा




महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

# महालेखापरीक्षकको

# वार्षिक प्रतिवेदन

## २०७९

## चम्पादेवी गाउँपालिका

### ओखलढुङ्गा




**महालेखापरीक्षकको कार्यालय**

**काठमाडौं, नेपाल**

महालेखापरीक्षकको

# वार्षिक प्रतिवेदन

## २०७९

## चम्पादेवी गाउँपालिका

ओखलढुङ्गा

महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

## दूरदृष्टि (VISION)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था

*(Be Credible Institution in Promoting Accountability, Transparency and Integrity)*

## गन्तव्य (MISSION)

राष्ट्रलाई स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने

*(Provide independent and Quality Audit Service to Nation)*

## मूल्य मान्यता (Core Values)

| | |
|---|---|
| निष्ठा | *(Integrity)* |
| स्वतन्त्रता | *(Independence)* |
| व्यावसायिकता | *(Professionalism)* |
| पारदर्शिता | *(Transparency)* |
| जवाफदेहिता | *(Accountability)* |

# महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालयको लेखा कानुनबमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यसमेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ । लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । सोही व्यवस्थाबमोजिम स्थानीय तहको २०७८/७९ को आर्थिक कारोबारको लेखापरीक्षण सम्पन्न गरी यो प्रतिवेदन जारी गरिएको छ ।

स्थानीय तहको लेखापरीक्षण नेपालको संविधान, लेखापरीक्षण ऐन, नेपाल सरकारी लेखापरीक्षणमान, वित्तीय लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमको आधारमा सम्पन्न गरिएको छ । लेखापरीक्षणको उद्देश्यमा वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको पालना, बजेट तथा योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सम्पत्तिको संरक्षण र उपयोग, जिम्मेवारी, जवाफदेहिता एवं पारदर्शिता र सेवा प्रवाहको अवस्था मूल्याङ्कन गर्नु साथै स्रोत साधनको प्राप्ति र परिचालन सम्बन्धमा नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता भए नभएको विश्लेषण गरी वित्तीय व्यवस्थापनमा सुधारका लागि सुझाव प्रदान गरी सुशासन प्रवर्द्धनमा टेवा पुर्‍याउनु रहेको छ । आर्थिक वर्ष २०७८/७९ को लेखापरीक्षण सम्पन्न भएपश्चात जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रियाका विषयहरू मिलान गरी कायम रहेका व्यहोरा समावेश गरेर रायसहितको अन्तिम प्रतिवेदन पठाइएको छ ।

यस वर्षको लेखापरीक्षणबाट देखिएका व्यहोराहरु मूलतः आवश्यक कानुनहरु तर्जुमा नगरेको, तर्जुमा भएका कानुनहरु राजपत्रमा प्रकाशन नगरेको, आन्तरिक आय र राजस्व बाँडफाँटको प्रक्षेपण यथार्थपरक नरहेको, आन्तरिक आय न्यून रहेको, बक्यौता असुलीमा प्रभावकारिता नआएको, बजेट अनुशासन कमजोर रहेको, खर्च पश्चात बजेट तथा कार्यक्रम संशोधन गरेको, वर्षान्तमा बढी खर्च गरेको, खरिद कानुन विपरीत सोझै खरिद गरेको, प्रशासनिक खर्च बढ्दै गएको, बाँकी अनुदान वर्षान्तमा फिर्ता नगरेको, अनुत्पादक तथा वितरणमुखी खर्च गरेकोलगायतका छन् । त्यसैगरी विकास निर्माणतर्फ योजना प्राथमिकीकरण नगरेको, टुक्रे आयोजनाको छनोट गरी खर्च गरेको, विस्तृत आयोजना प्रतिवेदन तयारीमा परामर्शदातामाथि निर्भर रहेको, जटिल प्रकृतिका कार्यहरूसमेत उपभोक्ता समितिबाट गराएको, जनसहभागिता नजुटेको जस्ता समस्या रहेका छन् ।

स्थानीय तहको आन्तरिक व्यवस्थापनतर्फ दरबन्दीअनुसार पदपूर्ति नभएको, दरबन्दीबेगरका कर्मचारी नियुक्ति गरेको, उपभोक्ता समितिको कार्यमा सेवा प्रवाह सहज र व्यवस्थित नभएको, सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणालीमा जिन्सी एवं सम्पत्ति अभिलेख नराखेको, सञ्चालित योजना, कार्यक्रम तथा सेवा प्रवाहको अभिलेख नराखेको, बैङ्क हिसाब नभिडेको, लेखाङ्कन तथा समग्र प्रतिवेदन प्रणाली र आन्तरिक नियन्त्रण कमजोर रहेको पाइएको छ । स्थानीय तहमा महालेखापरीक्षकको लेखापरीक्षण प्रतिवेदनउपर छलफल र बेरुजु फस्यौंटसम्बन्धी स्पष्ट कार्यविधि तर्जुमा भएको देखिएन। लेखापरीक्षणबाट औंल्याएका व्यहोराहरू आवश्यक कारबाही गरी वित्तीय अनुशासन कायम गर्नुपर्दछ।

समय र जनशक्तिको सीमितताको बाबजुद यथासम्भव स्थानीय तहको कार्यस्थलमा नै उपस्थित भइ लेखापरीक्षण गरिएको र लेखापरीक्षणको क्रममा लेखापरीक्षण टोलीबाट स्थानीय तहका प्रमुखसहितका पदाधिकारीहरूसँग छलफलसमेत गरिएको छ । लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका व्यहोराको कार्यान्वयनबाट स्थानीय तहको वित्तीय व्यवस्थापन, विकास निर्माण र सेवा प्रवाहमा सुधार हुने अपेक्षा गरेको छु । स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुर्‍याउने स्थानीय तहका सबै पदाधिकारी तथा कर्मचारीहरू र लेखापरीक्षण कार्यमा संलग्न यस कार्यालयका कर्मचारीहरूको कार्यसम्पादनको उच्च मूल्याङ्कन गर्दै विशेष धन्यवाद दिन चाहन्छु ।

**(टंकमणि शर्मा, दंगाल)**

२०७९ चैत्र

**महालेखापरीक्षक**

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
अनामनगर, काठमाडौं, नेपाल
Anamnagar, Kathmandu, Nepal
प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय
२ कोशी प्रदेश

पत्र संख्याः २०७९।८०
च.नं. ७५ मितिः २०७९।१२।२९

**विषयः लेखापरीक्षण प्रतिवेदन ।**

श्री अध्यक्षज्यू,
चम्पादेवी गाउँपालिका, गाउँकार्यपालिकाको कार्यालय,
ओखलढुंगा ।

१. **कैफियतसहितको राय-** हामीले चम्पादेवी गाउँपालिकाको आर्थिक वर्ष २०७८/७९ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरण तथा लेखा टिप्पणीहरूको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियतसहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असरबाहेक, पेस भएको २०७९ आषाढ ३२ मा समाप्त भएको आर्थिक वर्ष २०७८/७९ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरणले स्थानीय तहसँग सम्बन्धित प्रचलित कानुनबमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ ।

२. **कैफियतसहितको राय व्यक्त गर्ने आधार-**

२.१ चम्पादेवी गाउँपालिकाले महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचा पूर्ण रुपमा प्रयोग गरी वित्तीय विवरण तयार गरेको छैन ।

२.२ लेखापरीक्षणबाट रू. ६ करोड ५५ लाख ६ हजार बेरुजु देखिएको छ । सोमध्ये प्रतिक्रियाबाट रु. ३७ लाख ६८ हजार फर्स्यौट भई बाँकी बेरुजु असुल गर्नुपर्ने रू. ६७ लाख ८७ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रू. ३ करोड ८१ लाख ९२ हजार, नियमित गर्नुपर्ने रु. १ करोड ९ लाख ७८ हजार र पेश्की रू. ५७ लाख ८१ हजार रहेको छ । पालिकाको गत वर्षसम्म रु. १५ करोड १ लाख २९ हजार बेरुजु बाँकी रहेकोमा हालसम्मको अद्यावधिक बेरुजु रु. १६ करोड ३१ लाख २० हजार रहेको छ । गाउँपालिकाको **बेरुजु वर्गीकरण, अद्यावधिक बेरुजु स्थिति एवं प्रारम्भिक प्रतिवेदनको प्रतिक्रियाबाट लगत कट्टा गरिएको व्यहोरा यसैसाथ संलग्न छ ।**

२.३ चम्पादेवी गाउँपालिकाको लेखापरीक्षणबाट स्रोत र साधनको प्राप्तिको प्रक्षेपण यथार्थपरक नभएको, असुली लक्ष्यअनुसार नभएको, कर्मचारीको दरबन्दीअनुसार स्थायी पदपूर्ति नभएका कारण विकास निर्माण र सेवा प्रवाहमा प्रभावकारिता नआएको, अनुदानको पर्याप्त अनुगमन नभएको, वितरणमुखी कार्यक्रम सञ्चालन गरेको, आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेकोलगायतका व्यहोरा लेखापरीक्षण प्रतिवेदनमा औंल्याइएको छ । कार्यालयबाट सम्प्रेषित लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन यसको अङ्गको रुपमा रहेको छ ।

२.४ आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले पालिकाको पेश्कीबाहेक सम्पत्ति तथा दायित्व यकिन हुने कुनै जानकारी खुलाएको छैन ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गरिएको छ । वित्तीय विवरण तयार गर्ने पालिकासँग हामी स्वतन्त्र छौं । त्यसैगरी स्वीकृत आचारसंहिताको पालना गरी कार्यसम्पादन गरेका छौं । लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ ।

३. **वित्तीय विवरणउपर व्यवस्थापन र लेखा उत्तरदायी अधिकारीको जिम्मेवारी-** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुनबमोजिम सही र यथार्थ हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा अन्य गल्तीका कारण वित्तीय विवरण सारभूतरूपमा गलत आँकडारहित स्वरूपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी पालिका व्यवस्थापनमा रहेको छ । गाउँ कार्यपालिका, अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत गाउँपालिकाको वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन् ।

४. **वित्तीय विवरणको लेखापरीक्षणउपर लेखापरीक्षकको जिम्मेवारी-** वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा अन्य गल्तीसमेतका कारण सारभूतरूपमा गलत आँकडारहित होस् भनी उचित आश्वस्तता प्राप्त गरी रायसहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो । लेखापरीक्षणमा उचित आश्वस्तताले सामान्यस्तरको आश्वस्ततासम्म प्रदान गरेको हुन्छ, तर लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेका नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गर्ने लेखापरीक्षण सम्पादन भएकै अवस्थामा पनि सबै प्रकारका जालसाजीजन्य वा अन्य गल्ती पत्ता लगाउन सक्ने निश्चितता भने हुँदैन । वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा नै फरक पार्न सक्ने अवस्था देखिएका एउटै वा समग्रतामा हुने विशेष वा जालसाजीजन्य वा अन्य गल्तीलाई सारभूतरूपमा गलत आँकडा मानिएको छ ।

(पद्मप्रसाद आचार्य)
नायब महालेखापरीक्षक

# चम्पादेवी गाउँपालिका, ओखलढुङ्गा

## बेरुजु वर्गीकरण (विनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)

## आर्थिक वर्ष २०७८/७९

*(रु. हजारमा)*

| प्रारम्भिक बेरुजु | | | प्रतिक्रियाबाट फछ्र्यौट | | | बाँकी बेरुजु | | | बेरुजु | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| दफा संख्या | | रकम | दफा संख्या | | रकम | दफा संख्या | | रकम | असुल गर्नुपर्ने | नियमित गर्नुपर्ने | | | | | पेस्की |
| सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | राजस्व लगत जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | |
| ३४ | १८५ | ६५५०६ | ० | १२ | ३७६८ | ३४ | १७३ | ६१७३८ | ६७८७ | १०९७८ | ३८१९२ | ० | ० | ४९१७० | ५७८१ |

## प्रतिक्रियाबाट फस्यौंट गरिएका दफाहरुको स्वीकृत विवरण

*(रु. हजारमा)*

| क्र.सं | प्रारम्भिक प्रतिवेदनको दफा नं. | छोटकरी व्यहोरा | रकम रु. |
|---|---|---|---|
| १ | १२.२ | २ जना पदाधिकारीले वुझेको मालसामान फिर्ता प्राप्त नभएकोले फिर्ता गर्नुपर्नेमा फिर्ता गरेको प्रमाण पेश गरेको | ५०९ |
| २ | १८ | श्री जल्पादेव आ.भू. वि. लाई २ कोठे भवन निर्माणको निकासा भएकोमा विद्यालयको कार्यसम्पन्न पेश गर्नुपर्नेमा कार्यसम्पन्नको प्रमाण पेश गरेको | १८०० |
| ३ | २२.२ | कार्यालय सामान खरिदसंग सम्बन्धित सम्पूर्ण प्रमाण कागजात पेश हुनु पर्नेमा खर्चको प्रमाण कागज पेश गरेको | ८७४ |
| ४ | २७ | कम्प्युटर तथा मेशिनरी औजार मर्मत खर्चको भुक्तानी गरेकोमा खर्चको कागजात पेश गर्नुपर्नेमा खर्चको प्रमाण पेश गरेको | १५५ |
| ५ | २९ | इन्धन खरिद गरी भुक्तानी गरेकोमा खर्चको कागजात पेश गर्नुपर्नेमा खर्चको प्रमाण पेश गरेको | २५३ |
| ६ | ३२.२ | २ जना पदाधिकारीको दोहोरो अनुगमन भत्ता असुल गर्नुपर्नेमा असुल गरी दाखिला गरेको प्रमाण पेश गरेको | २४ |
| ७ | ६० | भुक्तानी गर्न नमिल्ने दैनिक भ्रमण खर्च असुल गरी दाखिला गर्नुपर्नेमा असुल गरी दाखिला गरेको प्रमाण पेश गरेको | ३१ |
| ८ | ६८.१ | भुक्तानी गर्न नमिल्ने दैनिक भ्रमण खर्च असुल गरी दाखिला गर्नुपर्नेमा असुल गरी दाखिला गरेको प्रमाण पेश गरेको | ३८ |
| ९ | ६८.२ | भुक्तानी गर्न नमिल्ने दैनिक भ्रमण खर्च असुल गरी दाखिला गर्नुपर्नेमा असुल गरी दाखिला गरेको प्रमाण पेश गरेको | ८४ |
| | जम्मा | | ३७६८ |

# अद्यावधिक बेरुजु स्थिति

*(रु. हजारमा)*

| जिल्ला | पालिका | गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्षको फछ्र्यौट | बाँकी बेरुजु | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु | यो वर्षको बेरुजु | कुल बेरुजु बाँकी |
|---|---|---|---|---|---|---|---|---|
| ओखलढुङ्गा | चम्पादेवी गाउँपालिका | १५०१२९ | ० | ४८७४७ | १०१३८२ | ० | ६१७३८ | १६३१२० |

## आर्थिक कारोबारको स्थिति

आर्थिक बर्षः २०७८/७९

कार्यालय र स्थान : चम्पादेवी गाउँपालिका, ओखलढुंगा

| पद | नाम | कार्यकाल सुरु मिति | कार्यकाल समाप्त मिति |
|---|---|---|---|
| कार्यालय प्रमुख | प्रेम प्रसाद सुवेदी | २०७७-९-२९ | हाल सम्म कार्यरत |
| लेखा प्रमुख | बैकुण्ठ कार्की | २०७८-२-१५ | हाल सम्म कार्यरत |
| | | **बेरुजु रकम** | ६१,७३८,०४६ |

| | | | |
|---|---|---|---|
| **गत बर्षको जिम्मेवारी** | | | **५,३३,७८,३७८** |
| **आम्दानी** | | **खर्च** | |
| **संघीय सरकारबाट अनुदान** | ३१,९९,५०,००० | **चालु खर्च** | २४,०१,१५,५५३.९ |
| **प्रदेश सरकारबाट अनुदान** | २,२९,४८,००० | **पूँजीगत खर्च** | १९,३०,०६,७४७.६ |
| **राजश्व बाँडफाँट** | ६,७७,२१,९३७ | **वित्तीय/अन्य व्यवस्था** | ११,९२,९०,७९०.५ |
| **आन्तरिक आय** | २२,१६,००३ | | |
| **अन्य आय** | १२,८२,२१,६०४.५ | | |
| **कुल आय** | ५४,१०,५७,५४४.५ | **कुल खर्च** | ५५,२४,१३,०९२ |
| **बाँकी मौज्दात** | | | **४,२०,२२,८३०.५** |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>१</td><td></td><td></td><td>परिचयः स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारीणी र न्यायीक अभ्यासलाई संस्थागत गर्न र स्थानीय सरकारको संचालन गर्ने उद्देश्यले गाउँपालिकाको स्थापना भएको हो । स्थानीय सरकारले संचालन गर्ने हरेक कार्यमा सहकारिता, सह-अस्तित्व र समन्वयलाई प्रर्वद्धन गर्नु र स्थानीय सरकारका हरेक काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई लाभको वितरणमा सुलभ र गुणस्तरीय सेवा प्रदान गर्नु नै गाउँपालिका स्थापनाको प्रमुख उदेश्य हो । यसगाउँपालिका कुल १२६.९१ वर्ग कि.मी. क्षेत्रफलमा फैलिएको र हाल १० वटा वडाहरुमा बिभाजन गरिएको छ । वि.सं. २०६८ को जनगणना अनुसार कुल जनसंख्या १८ हजार ६ सय १३ रहेको छ।</td><td></td></tr>
<tr><td>२</td><td></td><td></td><td>वित्तीय विवरणः स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७६ मा कारोवारको लेखा राख्नु पर्ने तथा महालेखा नियन्त्रकको कार्यलयले निशुल्क रुपमा उपलव्ध गराई सवै गाउँपालिकाहरुले Sub National Treasury Regulatory application (SUTRA) प्रयोग गरी लेखा राख्नुपर्ने व्यवस्था छ । गाउँपालिकाले उक्त विद्युतीय लेखा प्रयोग गरेको भएता पनि सम्पूर्ण खर्चलाई उक्त सुत्रमा पोष्टीङ गरेको छैन।जसले गर्दा पालिकाले तयार गरेको आय व्यय विवरणले कारोबारको यथार्थ चित्रण गर्दैन । स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६९ र ७२ बमोजिम गाउँपालिकाले प्राप्त गरेको रकम मध्ये शुत्रमा पोष्टीङ भएको आय, अनुदान तथा सहायता र स्थानीय सरकार सञ्चालनमा भएका आय-व्यय हिसाबको आर्थिक वर्ष २०७७।७८ को आय व्यय विवरण निम्न बमोजिम रहेको छः
<table>
<tr><th colspan="6">प्राप्ती भुक्तानी हिसाव</th></tr>
<tr><th rowspan="2">विवरण</th><th rowspan="2">टिप्पणी</th><th colspan="4">यस वर्ष रु.</th></tr>
<tr><th>बजेट</th><th>आफैले गरेको प्राप्ति/भुक्तानी</th><th>वस्तुगत/सोझै भुक्तानी</th><th>जम्मा</th></tr>
<tr><td>प्राप्ती (क+ख)</td><td></td><td>४५७९०८२८९</td><td>६१५८७०१९.०३</td><td></td><td>६१५८७०१९.०३</td></tr>
<tr><td>क. प्राप्ति (संचितकोषमा आम्दानी बाँधिने)</td><td></td><td>४५७०५४३२०</td><td>५९८८४१७१.०३</td><td>०</td><td>५९८८४१७१.०३</td></tr>
<tr><td>११००० कर</td><td>११</td><td>७९९३९४९१</td><td>५४६८३८४४.०३</td><td>०</td><td>५४६८३८४४.०३</td></tr>
</table></td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | १३००० अनुदान | | ३४७८२९४१० | ० | ० | ० | |
| | | | संघीय सरकार | १२ | ३२४५११००० | ० | ० | ० | |
| | | | प्रदेश सरकार | १२ | २३३१८४१० | ० | ० | ० | |
| | | | १४००० अन्य राजस्व | | २९२८५४१९ | ५२००३२७ | ० | ५२००३२७ | |
| | | | ख. अन्य प्राप्ति | | ८५३९६९ | १७०२८४८ | | १७०२८४८ | |
| | | | वितरण गर्न बाकी राजस्व | | ० | ० | ० | ० | |
| | | | कोषहरु | | ८५३९६९ | ८५३९६९ | ० | ८५३९६९ | |
| | | | धरौटी | | ० | ८४८८७९ | ० | ८४८८७९ | |
| | | | संघीय प्रदेश सरकार वा अन्य कार्यक्रम | | ० | ० | ० | ० | |
| | | | भुक्तानी (ग+घ) | | ४७३५८९९७९ | ३८०८१७५७१.९ | | ३८०८१७५७१.९ | |
| | | | ग. भुक्तानी (सञ्चित कोषबाट) | | ४७२७३६०१० | ३८०२९१४८८.९ | | ३८०२९१४८८.९ | |
| | | | २१००० पारिश्रमिक / सुविधा | १८ | १३७१५३६१० | १२८०४७८९०.९ | ० | १२८०४७८९०.९ | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|

| | | | | | |
|---|---|---|---|---|---|
| २२००० मालसामान तथा सेवाको उपयोग | १८ | ११९४५७४०० | १०५७७१७१४ | ० | १०५७७१७१४ |
| २५००० सहायता (Subsidy) | १८ | ० | ० | ० | ० |
| २६००० अनुदान | १८ | ० | ० | ० | ० |
| २७००० सामाजिक सुरक्षा | १८ | ६२६०००० | १५०७५०० | ० | १५०७५०० |
| २८००० अन्य खर्च | १८ | २९५२००० | २८८९५४६ | ० | २८८९५४६ |
| ३१००० गैर वित्तीय सम्पत्ती / पूँजीगत खर्च | १८ | २०६९१३००० | १४२०७४८३८ | ० | १४२०७४८३८ |
| घ. अन्य भूक्तानी | | ८५३९६९ | ५२६०८३ | | ५२६०८३ |
| कोषहरु | | ८५३९६९ | २९२००० | ० | २९२००० |
| धरौटी | | ० | २३८४६३ | ० | २३८४६३ |
| संघीय प्रदेश सरकार वा अन्य कार्यक्रम | | ० | ० | ० | ० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|

| | | | | | |
|---|---|---|---|---|---|
| कट्टी रकम भुक्तानी/दाखिला गर्न बाकी | | | -४,३८० | | -४,३८० |
| ङ. यो वर्षको बचत (न्युन) | | -१५६८१६९० | -३१९२३०५५२.८७ | | -३१९२३०५५२.८७ |
| च. गतवर्षको जिम्मेवारी रकम (अ.ल्या) | | | ७५५२८२ | | ७५५२८२ |
| वर्षान्तको बाकी रकम (ङ + च) | | -१५६८१६९० | -३१८४७५२७०.८७ | | -३१८४७५२७०.८७ |
| | | | | | |
| बैंक तथा नगद बाकी | २४ | | -३०४८२८३४३.७४ | | -३०४८२८३४३.७४ |

**संघीय सरकार अन्तर सरकारी अख्तियारी तर्फको बजेट तथा खर्च बिबरणः**

| सि नं | शीर्षक | वार्षिक बजेट | निकासा | खर्च | बाँकी |
|---|---|---|---|---|---|
| २ | एकिकृत स्थास्थ्य पूर्वाधार विकास कार्यक्रम | ६९१७७००० | ३४४१९०१० | ३४४१९०१० | ० |
| ३ | सामाजिक सुरक्षा तथा संरक्षण | ८३३७४२९६ | ८३३७४२९६ | ८३३७४२९६ | ० |
| | जम्मा | १५२५५१२९६ | ११७७९३३०६ | ११७७९३३०६ | ० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ३ | | | गाउँपालिकाले तयार गरेको शीर्षकगत आय व्यय विवरण अनुसारको आम्दानी तथा खर्चको स्थिति निम्नानुसार छ । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | विषय | बेरुजु रकम |
|---|---|---|---|---|

चम्पादेवी गाउँपालिका

**गाउँकार्यपालिकाको कार्यालय**

ओखलढुङ्गा

**एकिकृत बार्षिक आय व्याय विवरण २०७८/०७९**

| सि.नं. | आय विवरण | रकम | जम्मा रकम |
|---|---|---|---|
| १ | गत आ.व.को अल्या/सुरु मौज्दात | | |
| १.१ | संचित कोष खाता | ५१,५६९,१२७।०० | 53,378,378.00 |
| १.२ | प्रकोप व्यावस्थापन कोष | ८५३,९६९।०० | |
| १.३ | लैङ्गिक हिंसा निवारण कोष | २००,०००।०० | |
| १.४ | धरौटी | ७५५,२८२।०० | |
| २ | चालु आ.व.को आम्दानी | | ५७५,८१५,५३४।५० |
| २.१ | संघिय समानिकरण अनुदान | ८६,१००,०००।०० | |
| २.२ | संघिय शसर्त अनुदान | २२२,५५०,०००।०० | |
| २.३ | संघिय समपुरक अनुदान | ११,३००,०००।०० | |
| २.४ | संघिय राजश्व बाँडफाँड | ६५,१२६,६१३।०० | |
| २.५ | प्रदेश समानिकरण अनुदान | ४,७९३,०००।०० | |
| २.६ | प्रदेश शसर्त अनुदान | ८,१५५,०००।०० | |
| २.७ | प्रदेश समपुरक अनुदान | १०,०००,०००।०० | |
| २.८ | प्रदेश सवारी कर बाँडफाँड | २,५९५,३२४।०० | |
| २.९ | सामाजिक सुरक्षा तथा संरक्षण | ८३,३७४,२९६।०० | |
| २.१ | आन्तरीक श्रोतबाट प्राप्त आम्दानी | २,२१६,००३।०० | |
| २.११ | अन्य आम्दानी | ७,०७९,४१९।५० | |
| २.१२ | जिल्ला समन्वय समिती | २,४००,०००।०० | |
| २.१३ | एकिकृत स्वास्थ्य पूर्वाधार विकास कार्यक्रम | ६९,१७७,०००।०० | |
| २.१४ | प्रकोप व्यावस्थापन कोष | ( | |
| २.१५ | लैङ्गिक हिंसा निवारण कोष | १००,०००।०० | |
| २.१६ | धरौटी | ८४८,८७९।०० | |
| | जम्मा | | ६२९,१९३,९१२।५० |

| सि.नं. | व्याय विवरण | रकम | जम्मा रकम |
|---|---|---|---|
| १ | बजेट खर्च/फिर्ता (विनियोजन/कार्यसंचालन/TSA/धरौटी) | | |
| १.१ | चम्पादेवी गा पा -चालु | ७१,८५३,०४२।९० | |
| १.२ | आ व २०७७/०७८ को संघ फिर्ता | २७,९४०,३८३।५० | |
| १.३ | आ व २०७७/०७८ को प्रदेश फिर्ता | ७,४४५,६४८।०० | |
| १.४ | संघिय सरकारबाट हस्तान्तरित कार्यक्रम | १६७,५२७,०४७।०० | |
| १.५ | प्रदेश सरकारबाट हस्तान्तरित कार्यक्रम | ७३५,४६४।०० | |
| १.६ | सामाजिक सुरक्षा तथा संरक्षण | ८३,३७४,२९६।०० | |
| १.७ | प्रकोप व्याबस्थापन कोष | २९२,०००।०० | |
| १.८ | धरौटी फिर्ता/सदरस्याहा | २३८,४६३।०० | |
| क | *चालु खर्च जम्मा* | | 359,406,344.40 |
| १.९० | चम्पादेवी गा पा. -पुँजिगत | १७,४५६,१५२।०० | |
| १.१० | संघिय सरकारबाट हस्तान्तरित कार्यक्रम | ३८,९६६,७८७।६० | |
| १.११ | प्रदेश सरकारबाट हस्तान्तरित कार्यक्रम | ५,९५०,६०७।०० | |
| १.१२ | एकिकृत स्वास्थ्य पूर्वाधार विकास कार्यक्रम | ३४,४१९,०१०।०० | |
| १.१३ | संघ समपुरक | ६,७७५,३१०।०० | |
| १.१४ | प्रदेश समपुरक | ९,४३८,८८१।०० | |
| ख | *पुँजिगत खर्च जम्मा* | | ११३,००६,७४७।६० |
| २ | खर्च नभएको निकासा/अनुदन बाकी/ बैक मौज्दात | | |
| २.१ | संघिय शसर्त अनुदान | १६,०५६,१६५।४० | |
| २.२ | संघिय समपुरक अनुदान | ४,५२४,६९०।०० | |
| २.३ | प्रदेश शसर्त अनुदान | १,४६८,९२९।०० | |
| २.४ | प्रदेश समपुरक अनुदान | ५६१,११९।०० | |
| २.५ | राजश्व बाडफाड तथा समानिकरण अनुदान | १७,१८४,२६०।१० | |
| क | *सञ्चितकोषको मौज्दात* | | ३९,७९५,१६३।५० |
| २.६ | एकिकृत स्वास्थ्य पूर्वाधार विकास कार्यक्रम | ३४,७५७,९९०।०० | |
| २.७ | सामाजिक सुरक्षा तथा संरक्षण | ( | - |
| ख | *संघिय सरकारबाट हस्तान्तरित कार्यक्रम* | | ३४,७५७,९९०।०० |
| 3.3 | प्रकोष व्यावस्थापन कोष | ५६१,९६९।०० | |
| 3.९ | लैङ्गिक हिंसा निवारण कोष | ३००,०००।०० | |
| 3.११ | धरौटी | १,३६५,६९८।०० | |
| ग | *अन्य कोषहरु* | | २,२२७,६६७।०० |
| | जम्मा | | ६२९,१९३,९१२।५० |

बैकुण्ठ कार्की
लेखापाल

प्रेम प्रसाद सुवेदी
नि. प्रमुख प्रशासकीय अधिकृत

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ४ | | | **रकम फिर्ता:** पालिकालाई प्राप्त रकम मध्ये खर्च नभई बाँकी रहेको रु.२,२६,१०,९०३। रकम मध्ये संघीय सरकार तर्फको रु. २,०५,८०,८५५।- कोष तथा लेखा नियन्त्रक कार्यालयमा तथा प्रदेश सरकार तर्फको रु.२०,३०,०४८।- प्रदेश लेखा नियन्त्रक कार्यालयमा समेत रु.२,२६,१०,९०३।- मिति २०७९।६।७ मा फिर्ता गरेको प्रमाण पेश भएको छ । | |
| ५ | | | **वित्तीय विवरण परीक्षण** | |
| ५.१ | | | **वित्तीय विवरण** –स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७२ मा गाउँपालिका तथा नगरपालिकाले प्रत्येक वर्षको साउन एक गतेदेखि आगामी वर्षको असार मसान्तसम्मको अवधिलाई आर्थिक वर्ष कायम गरी आय र व्यवयको हिसाव राख्नुपर्दछ । सोही ऐनको दफा ६९ मा तोकिए अनुसार गाउँपालिका तथा नगरपालिकाले आफ्नो आर्थिक कार्य प्रणालीको व्यवस्थापन गर्नुपर्दछ । यस सम्बन्धमा देखिएका व्यहोरा देहाय बमोजिम छन्<br>· स्थानीय तहले संचित कोषमा गत विगतको बाँकी यस वर्ष प्राप्त रकम र संचित कोषवाट भएको खर्च स्पष्ट देखिने गरी खाता राखेको छैन ।<br>· स्थानीय तहले बैंक समायोजन हिसाब खाता राखेको छैन । जसबाट स्थानीय तहको असार मसान्तको बैंक मौज्दात र श्रेस्ताको मौज्दात रु.३,३४,८०,७५८।- ले फरक देखिएको छ ।<br>· लेखापरीक्षणका क्रममा बैंक नगदी किताब तथा पेश्की खाता अद्यावधिक नरहेको कारण स्थानीय तहले पेश गरेको आय–व्यय विवरण यथार्थ मान्न सक्ने अवस्था छैन ।<br>· कतिपय सम्बन्धित आर्थिक कारोबारहरुको गोश्वरा भौचर बजेट शीर्षकगत बैक नगदी किताबमा नजनाएकाले श्रेस्ता अनुसार बैक मैज्दात ऋणत्मक रहेको तथा स्थानीय तहका सबै खाताहरुको एकमुष्ट हिसाव गर्दा मौज्दात ऋणत्मक नरहेको अवस्था छ ।<br>• गाँउसभावाट पारित बजेट तथा कार्यक्रमको सीमाभित्र रही चालु र पूजिगत खर्च मा कारोवार प्रविष्टि गरी सोही बमोजिम चालु तथा पूजिगत खर्च खाता वाट कारोवार संचालन गर्नुपर्नेमा चालुखर्च खाता ऋणात्मक देखाइ कारोवार तथा विवरण तयार गरेकोले पालिकाको समग्र कारोवारले यथार्थ चित्रण गरेको पाइएन ।<br>• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को नियम ७२(२) मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा नियम ७६(२) मा महालेखा परीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेकोमा नगरपालिकाले बिपद व्यवस्थापन कोष, संघिय र प्रदेश सरकारबाट | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
| --- | --- | --- | --- | --- |
| | | | हस्तान्तरित शीर्षक तथा कार्यक्रमहरुको लेखाकंन सुत्रमा नराखेको र ती कार्यक्रमको प्रतिवेदन समेत मिति २०७६।२।१९ मा महालेखापरीक्षकबाट स्वीकृत भएको NEPSAS based ढाँचामा प्रतिवेदन तथा लेखाङ्कन गरेकोले पालिकको सम्पूर्ण खर्च प्रासी तथा भुक्तानीको विवरणमा नसमेटिएकोले यथार्थ रहेको भन्न मिल्ने देखिएन .<br><br>त्यसैले तोके बमोजिमका वित्तीय विवरणहरु तथा खाताहरु अद्यावधिक गरी आय र व्ययको वास्तविक स्थिति देखिने गरी लेखांकन गर्नुपर्दछ । | |
| ५.२ | | | **कारोवारको लेखा**– स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७६ मा गाँउपालिकाको कारोवार आय व्ययको लेखा सम्वन्धमा व्यवस्था गरी दफा ७६(६) मा स्थानिय तहको आय व्ययको लेखा राख्ने जिम्मेवारी पाएको कर्मचारीले ठिकसंग लेखा नराखेको कारणवाट नेपाल सरकार प्रदेश सरकार वा स्थानीय तहलाई कुनै किसिमको हानी नोक्सानी तथा क्षति हुन गएमा त्यसरी पर्न गएको हानी नोक्सानी समेत नोक्सानी गर्ने कर्मचारीवाट असुल उपर गर्नुपर्ने उल्लेख छ । कार्यालयवाट पेश भएको आर्थिक विवरण र सो संग सम्वन्धितप्रासी भुक्तानी मा यस बर्षका सम्पूर्ण कारोवारहरु पोष्टीङ नभएकोले गर्दा पालिकाले तयार गरेको आय व्यय विवरण र म.ले.प. २७२ मा फरक देखिएको छ । साथै पालिकाले तयार गरेको म.ले.प. २७२ ले सम्पूर्ण आर्थिक कारोवारलाई समेटेको छैन । जसले गर्दा पालिकको यस बर्षको आर्थिक कारोवारको लेखा तथा हिसाव विवरण दुरुस्त रहेको देखिएन । हिसाब दुरुस्त राखी लेखापरीक्षणमा पेश नगरेकोले पेश भएको प्रासि भुक्तानी र वैंक मौज्दात वाँकी हिसाव सम्वन्धमा यकिन गर्न सकिएन । फरक कारोवार तथा हिसाव र मौज्दात समेत पालिका वाटै पुन छानविन र एकिन गरी पेश हुनुपर्दछ ।<br><br>**बैक हिसाब मिलान नगरेको**– स्थानीय तह सरकार संचालन ऐन, २०७४ को दफा ७६(२) बमोजिम स्थानीय तहले आफ्नो कारोबारको लेखा महालेखा नियन्त्रक कार्यालयको सिफारिशमा महालेखापरीक्षकबाट स्वीकृत भएको ढाँचामा राख्नुपर्ने उल्लेख छ । सो बमोजिम मासिक रुपमा स्रेस्ता र बैक खाताको हिसाब मिलान विबरण तयार गर्नुपर्नेमा यस स्थानीय तहले सञ्चालन गरेको देहायबमोजिमको खाताको बैंक हिसाब मिलान विवरण तयार नगरेको कारण निम्नानुसार खातामा मौज्दात फरक पर्न गएकोले बैंक हिसाब मिलान विवरण तयार गरी यकिन गर्नुपर्दछ । | |

| सि.नं. | खाताको नाम | श्रेस्ता अनुसार बाँकी | बैंक स्टेटमेण्ट अनुसार बाँकी | फरक | बैंक घटी तथा बढी |
| --- | --- | --- | --- | --- | --- |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>1.</td><td>चालु खर्च खाता</td><td>१,९०,२९,५८५.१०</td><td>२४३२२४२०</td><td>१३२९२८३४।९</td><td>बैंक बढी</td></tr>
<tr><td>2.</td><td>पूँजीगत खर्च खाता</td><td>२,६५,४२,७८५.६१</td><td>१५४७२७४३।८४</td><td>११०७००४१</td><td>बैंक घटी</td></tr>
<tr><td>3.</td><td>संचितकोष</td><td>१,६६,५६,४३०.०९</td><td>०</td><td>१६६५६४३०</td><td>बैंक घटी</td></tr>
<tr><td>4.</td><td>राजस्व बाँडफाँडबाट प्रप्त रकम</td><td>१,१२,२१,९३७.१६</td><td></td><td>११२२१९३७।१६</td><td>बैंक घटी</td></tr>
<tr><td>5.</td><td>धरौटी</td><td>१३,६५,६९८</td><td>१४११०९८</td><td>४५४००</td><td>बैंक बढी</td></tr>
<tr><td>6.</td><td>आन्तरिक राजस्व खाता</td><td>७७,५००</td><td>११०३२८</td><td>३२८२८</td><td>बैंक बढी</td></tr>
<tr><td>7.</td><td>प्रकोप व्यवस्थापन कोष खाता</td><td>५,६६,३४९</td><td>६६२९३७</td><td>९६५८८</td><td>बैंक बढी</td></tr>
<tr><td></td><td>जम्मा</td><td>७५४६०२८४।९६</td><td>४१९७९५२६।८</td><td></td><td></td></tr>
</table>
</td><td></td></tr>
<tr><td>५.३</td><td></td><td></td><td>स्थानीय तहमा प्राप्त हुने सामाजिक सुरक्षा तथा संरक्षण कार्यक्रम, पूर्वाधार विकास साझेदारी कार्यक्रम, लगायतलाई समेटी समावेश गरी वित्तीय प्रतिवेदन (म.ले.प.फा.न. २७२ ) तयार गरे नगरेको सम्बन्धमा पालिकाले गरेका सम्पूर्ण खर्च २७२ मा समावेश भएको नदेखिएनकोले पालिकाले तयार गरेको (म.ले.प.फा.न. २७२ ) ले यथार्थ चित्रण गरेको छैन ।</td><td></td></tr>
<tr><td>५.४</td><td></td><td></td><td>खर्च शुत्रमा पोष्टीङ नभएको: नेपाल सरकार मन्त्रिपरिषदको मिति २०७६।७।१ को निर्णयले स्थानीय निकायले स्थानीय संचितकोषको रकम खर्च गर्दा अनिवार्य रुपमा सुत्रको प्रयोग गर्नु पर्ने तथा सुत्रभन्दा बाहिरबाट खर्च लेखांकन गर्न नहुने भनि परिपत्र जारी गरेको छ । साथै स्थानिय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७६ मा कारोवारको लेखा राख्नको लागि महालेखा नियन्त्रकको कार्यालयले निशुल्क रुपमा उपलव्ध गराई सवै गाउँपालिकाहरुले Sub National Treasury Regulatory application (SUTRA) प्रयोग गरी लेखा राख्नुपर्ने व्यवस्था छ । गाउँपालिकाले उक्त विद्युतीय लेखा प्रयोग गरेको भएता पनि निम्नानुसारको खर्चलाई Sub National Treasury Regulatory application सुत्रमा पोष्टीङ नगरी खर्च लेखेको देखिएकोले पालिकाको यथार्थ खर्च तथा सुत्रबाट देखिएको खर्च फरक परेकोले फरक कारोवारको यथार्थता यकिन यर्न सकिएन । साथै पालिकाले तयार गरेको आय ब्यय सम्बन्धमा यकिन हुन सकिएन ।</td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
पालिकाबाट उपलब्ध विवरण अनुसार Sub National Treasury Regulatory application मा पोष्टीङ नभएको खर्च रु १८४११८०२।६ सम्बन्धी विवरण निम्न बमोजिम रहेको छ ।

<table>
<tr><th>सि नं</th><th>ब उ शी नं</th><th>खर्च लेखेको रकम</th><th>भौचर संख्या</th><th>कैफियत</th></tr>
<tr><td>१</td><td>संघ पूँजिगत तर्फ</td><td>५४५९९३।६</td><td>३ वटा</td><td>एस आइ पि टुल्स खरिद</td></tr>
<tr><td>२</td><td>समपूरक अनुदान संघ तर्फ</td><td>६७७५३१०</td><td>१</td><td>केन्द्रिय तार पोल खरिद ठेक्का मार्फत</td></tr>
<tr><td>३</td><td>गा पा पूँजिगत तर्फ</td><td>९१९१५९६</td><td>१३</td><td>१३ वटा ओजनाको भुक्तानी गरेको खरको छानो अन्तर्गत सुरक्षित नागरिक आवास कार्यक्रम समेत</td></tr>
<tr><td>४</td><td>प्रदेश चालु तर्फ</td><td>७००००</td><td>१</td><td>पोषण मैत्री कार्यक्रम</td></tr>
<tr><td>५</td><td>संघ चालु तर्फ</td><td>२७२२५०</td><td>४</td><td>रोजगार संयोजकको तलब भत्ता तथा लघु उद्दम को तलब भत्ता</td></tr>
<tr><td>६</td><td>गा पा चालुतर्फ शिक्षा चालुतर्फ कृषि चालुतर्फ</td><td>१५५६६५३</td><td>बिभिन्न १०</td><td>वडा संचालन तथा विविध</td></tr>
<tr><td></td><td>जम्मा</td><td>१८४११८०२।६</td><td></td><td></td></tr>
</table>
</td><td></td></tr>
<tr><td>६</td><td></td><td></td><td>अनुदान प्राप्ती, वितरण, उपयोग र फिर्ताः संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको प.सं.०७४।७५ च.नं. १०६४ मिति २०७५।३।३ को सशर्त अनुदान रकम फिर्ता सम्बन्धी विषयको पत्र अनुसार विभिन्न तीन किस्तामा स्थानीय तहमा हस्तान्तरण भएको र सशर्त अनुदानको रकम आषाढ मसान्तसम्म खर्च हुन नसकेमा संघीय सञ्चित कोषमा दाखिला गर्नुपर्ने व्यवस्था रहेको छ । यस स्थानीय तहलाई प्राप्त रकम मध्ये खर्च नभई बाँकी रहेको निम्नानुसारको रकम संघीय तथा प्रदेश संचित कोषमा फिर्ता गरी प्रमाण पेश भएको छ ।</td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><th>सि नं</th><th>अनुदान प्रदान गर्ने निकाय</th><th>अनुदानको प्रकार</th><th>प्राप्त रकम</th><th>खर्च रकम</th><th>बाँकी रकम</th><th>फिर्ता मिति</th></tr>
<tr><td>१</td><td rowspan="3">संघीय सरकार</td><td>शसर्त</td><td>२२२५५००००</td><td>२०६४९३८३५</td><td>१६०५६१६५</td><td>२०७९।६।७</td></tr>
<tr><td>२</td><td>विषेश</td><td>०</td><td>०</td><td>०</td><td></td></tr>
<tr><td>३</td><td>समपूरक</td><td>११३०००००</td><td>६७७५३१०</td><td>४५२४६९०</td><td>२०७९।६।७</td></tr>
<tr><td>४</td><td rowspan="3">प्रदेश सरकार</td><td>शसर्त</td><td>८१५५०००</td><td>६६८६०७१</td><td>१४६८९२९</td><td>२०७९।६।७</td></tr>
<tr><td>५</td><td>विषेश</td><td>०</td><td>०</td><td>०</td><td></td></tr>
<tr><td>६</td><td>समपूरक</td><td>१०००००००</td><td>९४३८८८१</td><td>५६१११९</td><td>२०७९।६।७</td></tr>
<tr><td></td><td></td><td>जम्मा</td><td>२५२००५०००</td><td>२२९१९३८२६</td><td>२२६१०९०३</td><td></td></tr>
</table>
</td><td></td></tr>
<tr><td>७</td><td></td><td></td><td>आन्तरिक नियन्त्रण प्रणाली</td><td></td></tr>
<tr><td>७.१</td><td></td><td></td><td>आन्तरिक नियन्त्रण प्रणाली: स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ बमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागू गर्नुपर्नेमा लागू गरेको पाईएन । यस सम्वन्धमा देखिएका अन्य व्यहोराहरु तपशिल बमोजिम रहेका छन्<br>· स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ अनुसार आफ्नो क्षेत्रभित्रको आधारभूत तथ्यांक संकलन, अभिलेखांकन र व्यवस्थापन गर्नुपर्ने सो गरेको पाईएन ।<br>· पालिकाले २०७८।७९ को अवधिमा भएको आफ्नो आर्थिक कारोवारको अनुसुची २११ बमोजिम ढाँचामा वार्षिक प्रतिवेदन तयार गरेको पाईएन ।<br>· पालिकाले कार्यक्रमगत तथा योजनागत खाता राखेको पाईएन । साथै पालिकाबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्यिवयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति तयार गरेको पाईएन।<br>· राजस्व संकलन सम्बन्धमा सुचना प्रबिधिको प्रयोग गरी सबै कारोबार बैकिङ्ग प्रणाली मार्फत गर्ने गरेको देखिएन ।<br>· अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिम मध्यमकालीन खर्च संरचना तयार गर्नुपर्नेमा पालिकाले सो</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | बमोजिम मध्यमकालीन खर्चको संरचना तयार गरेको पाईएन ।<br>· स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ मा गाउँपालिका तथा गाउँपालिकाले आफ्नो अधिकारक्षेत्रभित्रका विषयमा स्थानीयस्तरको विकासका लागि आवधिक, वार्षिक, रणनीतिगत विषय क्षेत्रगत मध्यकालीन तथा दीर्घकालीन विकास योजना तयार गरी कार्यान्वयनमा ल्याएको पाईएन ।<br>· स्थानीय तहले आफ्नो क्षेत्रमा कार्यान्वयन हुने आयोजनाको बिश्लेषण गरी सम्भाब्य आयोजनाको बैंक खडा गरेको देखिएन ।<br>· दिगो विकास योजना (२०१५-३०) लाई कार्यान्वयन गर्ने सन्दर्भमा लक्ष्यलाई आन्तरिकीकरण गर्ने र मध्यकालिन लक्ष्यहरु तोकि मुल्याङ्कन गर्ने कार्य भएको देखिएन ।<br>· पालिकाले जिन्सी सामानको एकीकृत विवरण तथा सहायक जिन्सी खाता अध्यावधिक नगरी वडा कार्यालय तथा विभिन्न संघ संस्थालाई वितरण गरेको पाईयो ।<br>· वडा कार्यालयमा रहेका जिन्सी सामान सहितको अभिलेख देखिने गरी पालिकाको मूल जिन्सी खाता अध्यावधिक गरेको पाईएन ।<br>· पालिकामा PAMS लागू भए तापनि सबै मालसामानहरु PAMS मा अद्यावधिक नगर्ने हुदा पालिकाको वास्तविक रुपमा रहेको जिन्सी सामानको मौज्दात बारे एकिन गर्न नसकिने हुदा खरिद गरिएको मालसामानहरु PAMS मा इन्ट्री गर्नुपर्दछ ।<br>· जिन्सी निरिक्षण प्रतिवेदनतयार गरी त्यसमा उल्लेख भए अनुसार विभिन्न मालसामान मर्मत तथा लिलाम गर्नु पर्नेमा जिन्सी निरिक्षण प्रतिवेदन तयार गरेको पाईएन ।<br>· मुल्य अभिवृद्धि कर नियमावली, २०५३ को नियम ६क मा ठेक्का सम्झौता र कर भुक्तानीको जानाकारी सम्वन्धित आन्तरिक राजस्व कार्यालयलाई नदिई आर्थिक वर्षको अन्तमा मात्र दिएको तथा इ टीडिएस नगरेको पाइयो।<br>· कुनै रकमको भुक्तानी दिँदा रित पुगेको वा नपुगेको जाँच गरी रसिद विल भर्पाइहरुमा सिलसिलेवार नम्वर राखि कार्यालय प्रमुखले तोकेको कर्मचारीले भुक्तानी भएको जनाउने छाप समेत लगाई दस्तखत गरी प्रमाणित गर्नुपर्नेमा सो अनुसार गरेको पाईएन ।<br>· सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ र ८ मा खरिदको गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्नेमा तयार गरेको पाईएन ।<br>· स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १३ बमोजिम आर्थिक वर्ष शुरु हुनुभन्दा पन्ध्र दिन अगाबै पालिकाले आफ्नो क्षेत्रभित्रको निर्माण सामाग्री मूल्य, ज्याला, भाडा तथा अन्य महशुलको स्थानीय न्युनतम दररेट तोक्नु पर्नेमा केही सामाग्रीको मात्र स्थानीय न्युनतम दररेट तोकेको पाईयो ।<br>· ठेक्काहरुको विस्तृत विवरण देखिने गरी ठेक्का अभिलेख खाता र कन्टिन्जेन्सी खाता राखेको पाईएन। | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | · स्थानीय तहले निर्माण व्यवसायी तथा उपभोक्ता समिति मार्फत कार्य गराएकोमा निर्माण कार्यमा प्रयोग हुने सामानको गुणस्तर परीक्षण गरेको पाइएन ।<br>· सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्नेमा गरेको पाईएन ।<br>· संस्था दर्ता ऐन, २०३४ दफा ३ अनुसारपालिकाबाट संचालन भएका विभिन्न योजना निर्माण कार्य गर्न सम्झौता गर्न गठन गरेका उपभोक्ता समिति ऐनको उक्त व्यवस्था अनुसार मान्यता प्राप्त हुने गरी दर्ता गरेको पाइएन ।<br>· पालिकाले आयोजना।कार्यक्रम छनौट गर्दा उपभोक्ता समितिको तर्फ बाट नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्नेमासो नगरेको र लागत सहभागिता सहितका लागत अनुमान तयार गरेको देखिएन ।<br>· सञ्चालित योजनाको सूचना पाटीमा आय–व्यय, अपेक्षित र वास्तविक लाभका साथै उपभोक्ताको योगदान र कार्यसम्पादन लगायतका विषयमा स्पष्ट गरी सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षणलाई अनिवार्य गर्नु गराउनु पर्नेमा अधिकांशतः पालना भएको पाईएन।<br>· वातावरणको संरक्षणको एकिकृत दिर्घकालीन योजना तयार गरेको पाइएन । शहरीकरण भैरहेका स्थानलाई मध्यनजर राख्दै फोहोरमैला ब्यबस्थापन स्थल पहिचान एबं कार्ययोजना तयार गरेको पाईएन ।<br>· सुशासन व्यवस्थापन तथा सञ्चालन नियमावली, २०६५ अनुसार नागरिक वडापत्रमा उल्लेखित सेवाहरुको कार्यान्वयन स्थिती अनुगमन गर्न अनुगमन संयन्त्र तय गरेको पाईएन।<br>· निजामती सेवा ऐन, २०४९ बमोजिम कर्मचारीहरुको कार्य विवरण वनाई लागू गरेको पाईएन<br>· संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको २०७३।१२।२५ को परिपत्र अनुसार यस पालिकामा समाहित भएका साविकका गाँउ विकास समितिको नाममा रहेका पेश्की तथा वेरुजुको लगत तयार गरेको पाईएन ।<br>· पालिकाले विद्यालयमा रकम निकासा गर्दा विद्यालयगत निकासा प्रष्ट देखिने गरी खाता राखेको देखिएन ।<br>· वडाहरु र गाउँका एकै प्रकृतिका योजना तथा कार्यक्रमहरु विभिन्न अनुगमनकारी निकायका निर्देशन परिपत्र र प्रतिवेदन अनुसार एकीकृत प्याकेज बनाई मितव्ययी, प्रतिस्पर्धी र दक्षतापूर्ण ढङ्गबाट कार्यान्वयन गर्नुपर्नेमा सो बमोजिम गरेको देखिएन ।<br>· स्थनिय तहको आर्थिक कारोवारको लागि म.ले.नि.का. बाट स्वीकृत सफ्टवेयर सुत्र (SUTRA) पूर्ण रुपमा प्रयोग गरी समग्र कारोवार संचालन र वित्तीय प्रतिवेदन तयार गरेको पाइएन ।<br>तसर्थ पालिकाले आन्तरिक नियन्त्रण प्रणालीलाई तोकीए बमोजिम प्रभावकारी र विश्वशनीय बनाइ सेवा प्रवाह सुदृढ बनाउने तर्फ ध्यान | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | दिनुपर्ने देखिन्छ । | |
| ७.२ | | | पालिकाले जिन्सी निरिक्षण प्रतिवेदन तयार नगरेको कारणले गर्दा विभिन्न मालसामान मर्मत तथा लिलाम गर्नु पर्ने हो होइन सो यकिन गर्न सकिएन , म. ले. प. फाराम ९०५ बमोजिम सवारी साधन सञ्चालन लगबुक राख्नु पर्नेमा सो नराखेको र अद्यावधिक नभएको, म. ले. प. फाराम ९०६ बमोजिम त्यस्ता सवारी साधन र मेशिनरीको मर्मत अभिलेख नराखेको साथै खाता अद्यावधिक नभएको स्थानीय तह भित्रका सरकारी, ऐलानी तथा प्रति जग्गाको अभिलेख अद्यावधिक तथा एकीकृत नगरेको चल्ती जिन्सी मालसामान मर्मत गर्नुपर्ने भएमा कार्यालय प्रमुखबाट मर्मत आदेश म.ले.प.फारम नं ४१४ स्वीकृत गराई र मर्मत अभिलेख म.ले.प.फारम नं ४१५मर्मत गराई खर्च लेख्ने गरेको पाईएन । यसमा सुधार हुनु पर्दछ । | |
| ७.३ | | | **अनुगमन तथा भ्रमण खर्चः** भ्रमण खर्च नियमावली २०६४ को नियम २१ मा भ्रमण खटिने पदाधिकारी वा कर्मचारीले भ्रमण गरेपछि सो को अभिलेख अनुसूची ६ को ढाँचामा राख्नुपर्ने तथा भ्रमणलाई विश्वसनीय वनाउन आवस्यकता अनुसार आन्तरीक नियन्त्रण प्रणालीको थप व्यवस्था गर्नुपर्ने उल्लेख छ । साथै नियम १९ मा जिल्लाभित्रको ठाउँको दुरीको विवरण राख्नुपर्ने उल्लेख छ । कार्यालयले यस वर्ष विषयगत शीर्षक तथा कन्टिन्जेन्सी वाहेक चालु खर्च शीर्षकवाट रु.२९ लाख ७५ हजार खर्च लेखेको छ तर भ्रमणको उद्धेश्य अनुगमन तथा भ्रमण प्रतिवेदन भ्रमण अभिलेख दुरीको विवरण सवारी साधनको टिकट आदि राखेको छैन । जसले गर्दा अनुगमन तथा भ्रमणको सहि सदुपयोग भएको छ भन्ने आधार रहेन । यसमा सुधार हुनुपर्ने देखिन्छ । | |
| ८ | | | **कानून निर्माण एवं कार्यान्वयन** | |
| ८.१ | | | – स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधीनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने व्यवस्था छ । जसअनुसार स्थानीय तह सञ्चालनको लागि सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट ३० नमुना कानूनहरु बनाई उपलब्ध गराएकोमा यस पालिकाले हालसम्म जम्मा १२ वटा ऐन, २३ कार्यविधि ३ नियमावली ३ निर्देशिका १ मापदण्ड १ आचारसंहिता तथा लगायत ४० वटा कानून निर्माण गरी कार्यान्वयनमा ल्याएको छ । | |
| ८.२ | | | **न्यायीक समिति**– स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | व्यवस्था छ । लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार गतबर्ष फछ्र्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउन बाँकी २ वटा रहेको र यो बर्ष दर्ता भएको १८ समेत २० रहेकोमा १८ फछ्र्यौट भई २ बाँकी देखिन्छ । फछ्र्यौट हुन बाँकी रहेको बिवाद समयमै फछ्र्यौट गरी न्याय सम्पादन प्रक्रियालाई ऐनले तोकेको म्यादभित्र फछ्र्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउनुपर्दछ । | |
| ९ | | | **आर्थिक सहायता र अन्य विविध खर्च** | |
| ९.१ | | | **खाना तथा विविध खर्च** – स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहले यो वर्ष खाना तथा विविधतर्फ मात्र रु.१६ लाख २७ हजार खर्च गरेको छ । यस्तो खर्चमा मितव्ययिता कायम गर्नु पर्दछ । | |
| ९.२ | | | **आर्थिक सहायता** – स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा स्थानीय तहको रकमबाट आर्थिक सहायता, चन्दा, पुरस्कार एवं संस्थागत अनुदान वितरण गर्न पाउने व्यवस्था रहेको देखिंदैन । यस स्थानीय तहले आर्थिक सहायता प्रयोजनको लागि रकम विनियोजन गरेकोमा यो वर्ष बिभिन्न व्यक्ति एवं संघ संस्थालाई रु.१५,६३,५००/- आर्थिक सहायता वितरण गरेको पाइयो । यस्तो खर्चमा मितव्ययिता कायम गर्नु पर्दछ । | |
| १० | | | **बजेट तथा कार्यक्रम** | |
| १०.१ | | | स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहमा उपाध्यक्ष श्री निर्मला देवी रैका मगरले २०७८।३।१० गते रु.४०,३०,९४,०२४।- को बजेट सभा समक्ष पेश गरेकोमा २०७८।३।२५ मा पारित भएको छ । यसैगरी स्थानिय तहका प्रमुखले २०७८।४।७ मा प्रमुख प्रसाशकिय अधिकृतलाई अख्तियारी दिएको पाइयो । | |
| १०.२ | | | **लक्ष्य/प्रगति स्थिति** – आर्थिक कार्याविधि नियमावली, २०६४ को नियम २५ अनुसार कार्यालयले वार्षिक प्रतिवेदन तयार गरी तालुक कार्यालयमा पठाउनु पर्ने र नियम २६ अनुसार तालुक कार्यालयले भौतिक एवं वित्तीय प्रगतिको समिक्षा गर्नुपर्ने व्यवस्था छ । गाउँपालिकाले यस वर्ष नियमको उक्त व्यवस्था अनुसार सबै कारोबारको भौतिक एवं वित्तीय प्रगति तयार गरेको छैन । सो पेश | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | नभएबाट बार्षिक लक्ष्य अनुसारको प्रगति हासिल भए नभएको बिश्लेषण गर्न सकिएन । | |
| १०.३ | | | **चौमासिक पूँजीगत खर्च** - आर्थिक कार्यविधि तथा वित्तीय उतरदायित्व नियमावली, २०७७ बमोजिम स्वीकृत भएको कार्यक्रममा चौमासिक प्रगति विवरण तयार गरि पेश गर्नु पर्ने र चौमासिक कार्य लक्ष्य तथा कार्यक्रम बमोजिम कार्यसम्पादन सम्पन्न गरी कार्यक्रम कार्वान्वयन गर्नु पर्ने व्यवस्था छ । कार्यालयले उपलव्ध गराएको विवरण अनुसार चौमासिक पुँजीगत खर्चको स्थिति देहाय बमोजिम छ । | |

| सि.नं. | पूँजीगत खर्च शीर्षक | कुल खर्च | चौमासिक खर्च (रु.हजारमा) | | | आषाढ महिनाको मात्र खर्च |
|---|---|---|---|---|---|---|
| | | | प्रथम चौमासिक | दोस्रो चौमासिक | तेसो चौमासिक | |
| 1 | गाउँपालिका पुँजिगत | 158587737.6 | 800000 | 36390997 | 104883841 | 83067428.6 |
| | कूल खर्चः | 158587737.6 | 800000 | 36390997 | 104883841 | 83067428.6 |
| | खर्च प्रतिशत | 100% | 0.504% | 22.95% | 66.13% | 52.37% |

प्राप्त विवरणको विश्लेषण गर्दा कुल खर्च मध्ये ६६ प्रतिशत खर्च तेस्रो चौमासिकमा भएको देखिन्छ । वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप आषाढमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ ।

**क्षेत्रगत बजेट र खर्च** - स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको २०७८।७९ को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ ।

| मुख्यक्षेत्र | वार्षिक वजेट | खर्च रकम | कुल खर्चमध्ये प्रतिशत |
|---|---|---|---|
| आर्थिक विकास | ६४९८९००० | ६०८५५५८० | १५ |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>सामाजिक क्षेत्र</td><td>२५८२३७०००</td><td>२०६७२४९७९</td><td>५२.४</td></tr>
<tr><td>पूर्वाधार विकास क्षेत्र</td><td>६४२८१०००</td><td>५९०१५८७९</td><td>१४.७८</td></tr>
<tr><td>वित्तीय व्यवस्थापन र सुशासन</td><td>१८८२०००</td><td>१३२३९५३</td><td>०.३३</td></tr>
<tr><td>कार्यसञ्चालन तथा प्रशासनिक खर्च</td><td>८३३४७०१०</td><td>७१२६०३०८</td><td>१७.४९</td></tr>
<tr><td>जम्मा</td><td>४७२७३६०१०</td><td>३९९१८०६९९</td><td>१००</td></tr>
</table>
खर्च बिश्लेषण- पालिकाले यसबर्ष कुल आन्तरिक आयबाट रु. ४६,१६,००३ ।- राजस्व बाँडफाँड र अनुदानबाट रु.४१,०६,१९,९३७।- समेत रु.४२,२३,१५,३६०।- आम्दानी भएकोमा चालु तर्फ रु.२४,०१,१५,५५४।- र पूँजिगत तर्फ रु. १५,८५,८७,७३८।- खर्च भएको छ । खर्च मध्ये आन्तरिक आयको हिस्सा १.०६३ प्रतिशत रहेको छ । यस बर्ष पदाधिकारी सुबिधामा रु.७६,०९,०००।- खर्च भएको छ जुन आन्तरिक आयको ६०.३३ प्रतिशत रहेको छ । पालिकालाई प्राप्त भएको सबै अनुदान र राजस्व बाँडफाँडको रकमबाट ६० प्रतिशत चालु र ४० प्रतिशत मात्र पूँजिगत निर्माणमा खर्च भएको देखिन्छ । प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजस्व बाँडफाँडको रकम अधिकरुपमा बिकास निर्माण प्रयोजनमा परिचालन गरिनुपर्दछ ।</td><td></td></tr>
<tr><td>१०.४</td><td></td><td></td><td>अबण्डा बजेट – स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम स्थानीय आर्थिक अवस्था समेतको आधारमा बजेट तथा कार्यक्रमको प्राथमिकीकरणका आधार तयार गरी स्रोत अनुमान तथा सीमा निर्धारणका आधारमा अबण्डा नराखी आय–व्ययको अनुमान पेस गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहले यो बर्ष दैवी प्रकोप तथा बिपद व्यवस्थापन कोषमा ६० लाख अबण्डा राखेको छ । उक्त अबण्डा रकम कार्यपालिकाको विभिन्न मितिको निर्णयबाट अन्य शीर्षकमा खर्च गरेको छ । बजेट अबण्डमा राखी कार्यपालिकाको निर्णयबाट खर्च गर्ने प्रक्रियामा नियन्त्रण गर्नुपर्दछ ।</td><td></td></tr>
<tr><td>११</td><td></td><td></td><td>संगठन तथा कर्मचारी व्यवस्थापन</td><td></td></tr>
<tr><td>११.१</td><td></td><td></td><td>प्रशासकिय सङ्गठन र कर्मचारी व्यवस्थापन– स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ बमोजिम स्थानीय तहको कार्यबोझ, राजस्व क्षमता, खर्चको आकार र स्थानीय आवश्यकता समेतलाई ध्यानमा राखी कर्मचारी समायोजन भएपछि मात्र सङ्गठन तथा</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | व्यवस्थापन सर्वेक्षणका आधारमा स्थानीय तहमा सङ्गठन संरचना कायम हुने व्यवस्था छ । पालिकामा प्रमुख प्रशासकीय अधिकृत सहित ४८ दरबन्दी स्वीकृत रहेकोमा लेखापरीक्षण अवधि सम्म अधिकृत छैठौ सहित १९ जना पदपूर्ति भएको देखिन्छ । लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार कार्य व्यवस्थापनका दृष्टिकोणले महत्वपूर्ण मानिएका प्रमुख प्रशासकीय अधिकृत, लेखा अधिकृत सहित २९ पदहरु रिक्त रहेका छन् । दरबन्दी बमोजिम जनशक्तिको पूर्णता नहुँदा विषयगत कार्यक्रम सञ्चालन, सेवा प्रवाह तथा पालिकाको समग्र कार्य सम्पादनमा असर परेको स्थिति छ । तसर्थ रिक्त पदहरु यथाशक्य छिटो पूर्ति गरी सेवा प्रवाह प्रभावकारी बनाउनुपर्दछ । | |
| ११.२ | | | **तलवी प्रतिवेदनः** निजामती सेवा ऐन, २०४९ को दफा ७ ख २ र प्रदेश नं. १ सार्वजनिक खर्चको मापदण्ड कार्यविधि र मितव्ययीता सम्बन्धी निर्देशिका २०७५ को बुँदा नं. २०(२) मा सम्बन्धित प्रदेश लेखा नियन्त्रक कार्यालयबाट तलवी प्रतिवेदन पारित नगराई तलव भत्ता खर्च लेख्न नपाइने र तलवी प्रतिवेदन पारित नभएको रकम खर्च लेख्ने पदाधिकारीबाट असुल उपर गरिने छ भन्ने व्यवस्था रहेको छ । कार्यालयले आर्थिक वर्ष २०७८।७९ मा तलवी प्रतिवेदन पारित नगरि तलव भत्ता रु.९४,९९,९९९।३० खर्च लेखेको पाइयो । तलवी प्रतिवदेन पारित नभएकोले वास्तविक तलव तथा ग्रेड रकमको खर्च यकिन गर्ने अवस्था रहेन । तलवी प्रतिवेदन पारित गरेर मात्र तलव भत्ता खर्च लेख्नु पर्दछ । | |
| ११.३ | | | **कर्मचारी करार**– स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा स्थानीय तहले आफ्नो अधिकार क्षेत्र र कार्यबोझको विश्लेषण गरी संगठन तथा व्यवस्थापन सर्भेक्षणको आधारमा स्थायी प्रकृतिको कामको लागि तथा सेवा करारबाट लिईने कर्मचारीको दरबन्दी प्रस्ताव गर्नुपर्ने र अस्थायी दरबन्दी सृजना गर्न नसकिने व्यवस्था छ । तर पालिकाले विभिन्न पदमा ७५ जना कर्मचारीहरु करारमा राखी रु.१,१६,२८,३१०/- खर्च लेखेको छ ।<br><br>त्यसैगरी सोही ऐन, २०७४ को दफा ८३(८) बमोजिम पालिकाले नगर प्रहरी, सवारी चालक, सयश, कार्यालय सहयोगी, पलम्बर, इलेक्टीसियन, चौकिदार, मालि, बगैंचे लगायतका पदमा मात्र करारवाट सेवा लिन सकिने व्यवस्था गरेको छ । स्थानीय तहले माथि उल्लेखित पद वाहेकको असिष्टेन्ट सव इन्जिनियर पदमा १ जना करार नियुक्ति गरी बर्षभरीमा रु. २,८६,१००/- भुक्तानी गरेको देखिएको छ । | |
| १२ | | | **जिन्सी व्यवस्थापनः** | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १२.१ | | | **जिन्सी:** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा २८(१) अनुसार जिम्मेवार व्यक्ति आफ्नो जिम्मामा आएको सरकारी नगदीको हकमा सोही दिन वा त्यसको भालिपल्ट र जिन्सी मालसामान भए सात दिनभित्र यथास्थानमा दाखिला गरी श्रेस्ता खडा गर्नुपर्ने व्यवस्था छ । आम्दानी भएको जिन्सी मालसामान माग फाराम, हस्तान्तरण फारामको आधारमा खर्च जनाई बाँकी मालसामान जिम्मेवारी सार्नुपर्दछ । यस पालिकाको जिन्सी अभिलेख परीक्षणमा नमुना परीक्षणको रुपमा पाँच आईटमको परीक्षण गरिएको छ । जिन्सी अभिलेखमा फोटोकपि पेपर कार्टुन र रिममा, पाईलट पेन दर्जन र गोटामा, ईण्डेक्स फायल कार्टुन र गोटामा, टोनर नया र रिफिल एकै ठाउमा एकै किसिमले दाखिला गरेको छ । माग गरेको मागफाराम तथा बुझेको प्रमाण वेगर एकमुष्ट खर्च जनाईएको छ । जसले गर्दा आवश्यक भन्दा बढी जिन्सी खरिद हुन सक्ने र वास्तविक भन्दा बढी खर्च हुन सक्ने देखियो । व्यक्तिगत सहायक खाता नराखेको कारणले कसको नाममा कति जिन्सी सामान रहेको एकिन हुन सकेन । भण्डार प्रमुखलाई जिम्मेवार वनाई जिन्सि अभिलेख व्यवस्थित वनाउनुपर्दछ । | |

| सि.नं. | जिन्सी सामानको नाम | खाता पाना नं | खरिद परीमाण | जम्मा |
|---|---|---|---|---|
| १ | फोटोकपि पेपर | 6161201003 | 785 | 440600 |
| २ | ईण्डेक्स फाईल | 6161201015 | 612 | 143900 |
| ३ | रेकर्ड फायल | 6161201043 | 2550 | 23000 |
| ४ | पाईलट पेन | 6161201187 | 1750 | 185700 |
| ५ | कार्टेज | 6161201187 | 1942 | 294950 |
| | जम्मा | | | 1088150 |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १२.२ | | | **बरवुझारथः** आर्थिक कार्याविधि तथा वित्तीय उत्तरदायीत्व नियमावली, २०७७ को नियम १०३ मा कुनै कर्मचारी सरुवा, बढूवा वा अवकाश भई आफु कार्यरत कार्यालय छाडी जाँदा आफ्नो जिम्मामा रहेको नगद, जिन्सी, मालसामान हालवालालाई वा हालवाला नभए कार्यालय प्रमुखले तोकेको कर्मचारिलाई बरबुझारथ गर्नुपर्ने र नियम १०४ मा बरबुझारथ गर्ने कर्मचारिलाई साविक कार्यालयबाट | ६५६,४९९ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | अनुसूची-१८ बमोजिमको ढाँचामा बरबुझारथ प्रमाणपत्र दिनुपर्ने व्यवस्था छ । जिन्सी अभिलेखमा बरबुझारथको प्रमाणहरु परीक्षण गर्दा पदाधिकारीले प्रयोग गरेको ल्यापटप, मोटरसाईकल, मोवाईल लगायतका जिन्सी सामान बरबुझारथ गरेको देखीएन । जिन्सी शाखा प्रमुखले कुनै पनि पदाधिकारीलाई सरकारी कामको सिलसिलामा प्रयोग गर्ने गरी दिएको जिन्सी मालसामान व्यक्तिगत सहायक खातामा बुझेको हस्ताक्षर गराई जिन्सी अभिलेख व्यवस्थित गराउनुपर्दछ । सरुवा वा अवकाश वा राजिनामा वा कुनै किसिमले पदमुक्त हुने पदाधिकारी वा कर्मचारीले बरबुझारथ गरेको देखिएन । तपसिलका कर्मचारी वा पदाधिकारीले बुझेको मालसामान फिर्ता प्राप्त नभएकोले फिर्ता गर्नुपर्ने रु. | |

| सि.नं. | मालसामानको नाम | बुझने कर्मचारी/पदाधिकारी | पदमुक्त | बुझेको मिति | रकम |
|---|---|---|---|---|---|
| १ | मोटरसाईकल -१ | वडा नं.४ का अध्यक्ष श्री कृष्ण वहादुर खत्री | पदावधी समाप्त | 2078।4।1 | 254500 |
| २ | मोटरसाईकल -१ | वडा नं.६ का अध्यक्ष श्री तिलक वहादुर खडका | पदावधी समाप्त | 2078।4।1 | 254500 |
| ३ | ल्यापटप-१ | असई सुदन कुमार श्रेष्ठ | सरुवा | 2078।10।14 | 116500 |
| ४ | मोवाईल-१ | वडा नं.५ का अध्यक्ष श्री झलकमान तामाङ्ग | पदावधी समाप्त | 2078।4।1 | 30999 |
| | | जम्मा | | | 656499 |

*प्रारम्भिक प्रतिवेदन उपर प्रमाण पेश भएको आधारमा मिति २०७९।१२।२१ को निर्णयबाट रु. ५,०९,०००।- सम्परीक्षण गरिएको ।*

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १३ | | | **पेश्की बाँकी:** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली,२०७७ बमोजिम पेश्की लिने कर्मचारीले तोकिएको कार्य सम्पन्न गरी कार्यालय फर्किएको १५ दिन भित्र फाँटवारी पेश गरी पेश्की फर्छ्यौट गर्नुपर्ने व्यवस्था छ । साथै अन्य संघ संस्था र निर्माण व्यवसायीलाई दिएको पेश्की सम्झौतामा तोकिएको म्याद भित्र फछ्यौंट गर्नुपर्नेमा आर्थिक वर्षको अन्त सम्ममा निम्नानुसार बाँकी रहेको देखिएकोले नियमानुसार पेश्की रकम असुल फछ्यौंट हुनुपर्ने रु. | ५,७८१,१६५ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|

| सि नं | पेश्की लिनेको नाम | म्याद नाघेको पेश्की दिएको मिति | म्याद ननाघेको | म्याद नाघेको रकम |
|---|---|---|---|---|
| १ | सुरेस प्रसाद यादव | २०७९/०१/२२ | | ५०,००० |
| २ | श्री ज्ञान प्रकाश माध्यमिक विद्यालय फूलवारी | २०७८/०४/०१ | | १०५००० |
| ३ | सिंहदेवी निर्माण सेवा प्रा लि | २०७८/०४/०१ | | २००००० |
| ४ | डल्लीडाडा आधारभूत विधालय भोटेचौर | २०७९/०३/१० | | ४२०००० |
| ५ | ५ नं वडा कार्यालय अस्थायी भवन निर्माण योजना | २०७८/०४/०१ | | ८४००० |
| ६ | जौखोरिया तेज जयन्ती खेलकुद निर्माण तथा तथा गुसेश्वर सडक निर्माण योजना क्रमागत | २०७८/०४/०१ | | ६३००० |
| ७ | डुडे मुहाज गरि नवलपुर दमासे सिचाइ कुलो निर्माण योजना वडा नं २ | २०७८/०४/०१ | | २१०००० |
| ८ | श्री पलापु खानेपानी लिफ्टीङ बोरिङ योजना | २०७८/०४/०१ | | ८६३८५९ |
| ९ | पात्ले चित्रे धुसेनी बाहुनडाँडा सिंचाइ योजना | २०७८/०४/०१ | | १३७९००० |
| १० | पात्ले चित्रे धुसेनी बाहुनडाँडा सिंचाइ योजना | २०७८/०४/०१ | | १३७९००० |
| ११ | चम्पादेबि खेलमैदान | २०७८/१०/२५ | | १५०००० |
| १२ | कर्कले झोलुङ्गे पुल उपभोत्ता समिति | २०७८/११/०३ | | ५५०७९१ |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>१३</td><td>कर्कले झोलुङ्गे पुल उपभोक्ता समिति</td><td>२०७८/११/०३</td><td></td><td>२०६५१५</td></tr>
<tr><td>१४</td><td>कालेचौर खड्कागाँउ तेज जयन्ती गिरिजा चोक सडक स्तरउन्नती योजना</td><td>२०७८/११/२३</td><td></td><td>१२००००</td></tr>
<tr><td>जम्मा</td><td></td><td></td><td></td><td>५७८११६५</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>१४</td><td></td><td></td><td>
कोभिड परीक्षणसूचि
प्रकोप व्यवस्थापन तर्फको खर्च विवरणः गाउँपालिकाको आ.ब. २०७८/७९ को प्रकोप व्यवस्थापन तर्फको आय व्यय विवरण निम्नानुसाररहेको छ । जसअनुसार पालिकामा प्रकोप व्यवस्थापन कोषमा गत बर्षको जिम्मेवारी रु.८५३९६९/-रहेको र यस बर्ष थप आम्दानी भएको छैन । उक्त कोषमा यस बर्ष रु.२,९२,०००/- खर्च भएको विवरण पेश गरेको छ ।
<table>
<tr><th>आम्दfनी स्रोत</th><th>रकम रु</th><th>खर्च शीर्षक</th><th>रकम रु</th></tr>
<tr><td>गत बर्षको बाँकी</td><td>८५३९६९</td><td>राहत वितरण</td><td></td></tr>
<tr><td>स्थानीय तहको आफ्नै वजेटवाट</td><td></td><td>क्वारेन्टाइन निर्माण तथा व्यवस्थापन</td><td></td></tr>
<tr><td>संघीय कोभिड कोषवाट</td><td></td><td>औषधी एवं स्वास्थ्य उपकरण खरिद</td><td>२९२०००</td></tr>
<tr><td>प्रदेश कोभिड कोषवाट</td><td></td><td>आइसोलेसन केन्द्र निर्माण</td><td></td></tr>
<tr><td>अन्य स्रोतबाट</td><td></td><td>खोप कार्यक्रम खर्च</td><td></td></tr>
<tr><td></td><td></td><td>जोखिम भत्ता</td><td></td></tr>
<tr><td></td><td></td><td>प्रशासनिक खर्च</td><td></td></tr>
</table>
</td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td></td><td></td><td>अन्य खर्च</td><td></td></tr>
<tr><td></td><td></td><td>बाँकी</td><td>५६१९६९</td></tr>
<tr><td>जम्मा</td><td>८५३९६९/-</td><td></td><td>८५३९६९/-</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>१५</td><td></td><td></td><td>धरौटीः आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को परिच्छेद ७ मा धरौटी रकम श्रेस्ता र बैकं सँग मासिक रुपमा भिडान गर्नुपर्ने व्यवस्था छ । तर पालिकाले श्रेस्ता अनुसार रु. १३,६५,६९८।- र बैकं अनुसार रु. १४,११,०९८।- रहेकोले बैकं र श्रेस्तामा रु. ४५,४००।- फरक परेकोले हिसाव मिलान गरेको प्रमाण पेश गर्नुपर्ने रु.</td><td>४५,४००</td></tr>
<tr><td>१६</td><td></td><td></td><td>धरौटी फिर्ताः निम्न गोश्वरा भौचर र मितिबाट निर्माण व्यवसायीलाई धरौटी फिर्ता दिएकोमा निर्माण व्यवसायीले कर समायोजन पत्र पेश नगरेकोले कर समायोजन गरेको पत्र पेश हुनुपर्ने रु.
<table>
<tr><td>गोश्वरा भौचर र मिति</td><td>निर्माण व्यवसायीको नाम</td><td>रकम</td></tr>
<tr><td>३-२०७९।३।२५</td><td>जिनिका कन्स्ट्रक्शन</td><td>१९३४६३</td></tr>
<tr><td>४-२०७९।३।२२</td><td>जिनिका कन्स्ट्रक्शन</td><td>४५०००</td></tr>
<tr><td></td><td>जम्मा</td><td>२३८४६३</td></tr>
</table>
</td><td>२३८,४६३</td></tr>
<tr><td>१७</td><td>१९५</td><td>२०७९-४-२</td><td>विद्यालय सुधार योजनाः शिक्षा तथा तथा मानव श्रोत विकास केन्द्रबाट प्रकाशित कार्यक्रम कार्यान्वयन पुस्तिका २०७८ को क्रियाकलाप नं.२.७.१३.१० अनुसार विद्यालय सुधार योजनाको लागी आधारभूत तहमा सञ्चालित विद्यालयलाई रु.१५,०००।- र माध्यमिक तहमा सञ्चालित विद्यालयलाई रु.२०,०००।- का दरले निकासा दिन सकिने व्यवस्था छ । अनुदान प्राप्त गर्ने विद्यालयले प्रगति सूचकमा निर्माण तथा अद्यावधिक भएका विद्यालय सुधार योजना पेश गर्नुपर्ने उल्लेख छ । यस पालिकामा रहेका ४२ विद्यालयले सुधार योजना पेश गरेका छैनन । तपसिलको विद्यालयहरुले विद्यालय सुधार योजना पेश नगरेकोले विद्यालय सुधार योजना पेश गर्नुपर्ने रु.</td><td>५७०,०००</td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | विषय | बेरुजु रकम |
|---|---|---|---|---|

| सि.नं. | विद्यालयको नाम | रकम |
|---|---|---|
| १ | डल्लिडाँडा प्रा.वि. भोटेचौर | 15000 |
| २ | कुन्तादेवी प्रा.वि. धुसेनी | 15000 |
| ३ | सरस्वती प्रा.वि. चित्रे | 15000 |
| ४ | कालिका प्रा.वि. साइदुवा | 15000 |
| ५ | नवजीवन मा.वि. फेदीगुठ | 20000 |
| ६ | सरस्वती प्रा.वि. भटमासे | 15000 |
| ७ | बालकन्या प्रा.वि. गोपे | 15000 |
| ८ | भगवती प्रा.वि. पोखरे | 15000 |
| ९ | सिंहदेवी प्रा.वि. पुरानोगाउँ | 15000 |
| १० | जनजागृति प्रा.वि. चिलाउने | 15000 |
| ११ | सावित्रा नि.मा.वि. सौरेनी | 15000 |
| १२ | सितलजलदेवी प्रा.वि. घर्तीगाउँ | 15000 |
| १३ | फूलबारी प्रा.वि. डडुवा | 15000 |
| १४ | एकता प्रा.वि. भदौरे | 15000 |
| १५ | ज्ञानप्रकाश मा.वि. घोराखोरी | 20000 |

| क्रम | भौचर नम्बर | भौचर मिति | विषय | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|
| | | | १६ | फलैंचा प्रा.वि. जल्किनी | 15000 | |
| | | | १७ | कोलचौर प्रा.वि. कोलचौर | 15000 | |
| | | | १८ | ज्ञानप्रकाश मा.वि. फुलबारी | 20000 | |
| | | | १९ | सेतीदेवी प्रा.वि. डाँडागाउँ | 15000 | |
| | | | २० | तेजजयन्ती प्रा.वि. जौखोरिया | 15000 | |
| | | | २१ | बालज्योति मा.वि. चित्रे | 20000 | |
| | | | २२ | शिवदूति नि.मा.वि. ताप्केडाँडा | 15000 | |
| | | | २३ | टाउके प्रा.वि. टाउके | 15000 | |
| | | | २४ | जलकन्या प्रा. वि. सिल्खुबेसी | 15000 | |
| | | | २५ | कालिका प्रा.वि. कालिकादेवी | 15000 | |
| | | | २६ | बालादेवी नि.मा.वि | 15000 | |
| | | | २७ | चम्पादेवी प्रा.वि. भोगटेनी | 15000 | |
| | | | २८ | त्रिवेणी प्रा.वि. नवलपुरघाट | 15000 | |
| | | | २९ | गोल्मादेवी मा.वि. पलापु | 20000 | |
| | | | ३० | बर्णादिवी प्रा.वि. डाङ्सिङटार | 15000 | |
| | | | ३१ | सरस्वती आ.वि. बडहरे | 15000 | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | ३२ कालिकादेवी आ.वि. देवीथान 15000<br>३३ रानिवन प्रा. वि. तारुके 15000<br>३४ शान्तिप्रिय प्रा.वि. लामिडाँडा 15000<br>३५ सुनकेशरी मा.वि. नर्कटे 20000<br>३६ चिप्लिङ आ.वि. चिप्लिङ 15000<br>570000 | |
| १८ | | | **२ कोठे भवन निर्माणः** शिक्षा तथा तथा मानव श्रोत विकास केन्द्रबाट प्रकाशित कार्यक्रम कार्यान्वयन पुस्तिका २०७८ को क्रियाकलाप नं.११.१.२.४४५ अनुसार भवन निर्मण सम्पन्न गर्ने विद्यालयहरुले आषाढ १५ सम्म निर्माण कार्य सम्प्पन्न प्रतिवेदन तयार तथा प्रमाणित गरी स्थानीय तहलाई उपलव्ध गराउनुपर्ने व्यवस्था छ । राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम अन्तर्गत निम्नानुसार २ विद्यालयमा रु ३६,००,०००।- अनुदान दिई खातामै रकम रोक्का राख्नका लागि बैंकमा पत्राचार गरेकोमा हालसम्म विद्यालयले कार्य प्रगति नपठाएकोले उक्त रकमको कार्य सम्पन्न र पालिकाले अनुगमन गरको अनुगमन प्रतिवेदन पेश गर्नुपर्ने रु.<br><br>गोश्वरा भौचर र मिति / विद्यालयको नाम / रकम<br>१५८-२०७९।३।२५ / चिप्लिङ् आ.भू. वि / १८०००००<br><br>*प्रारम्भिक प्रतिवेदन उपर प्रमाण पेश भएको आधारमा मिति २०७९।१२।२२ को निर्णयबाट रु.१८,००,००० ।- सम्परीक्षण गरिएको ।* | १,८००,००० |
| १९ | | | **बढी खर्च लेखेकोः** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(५) मा खर्च गर्दा खर्चको बिलभरपाई सहित लेखा राख्नुपर्ने तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे वा नपुगेको जाँच गर्नु पर्नेछ भन्ने व्यवस्था छ । | १९,५०० |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>पालिकाले समानिकरण अनुदान चालुतर्फको भौ. नं. ५६२ मिति २०७९।३।२५ बाट विविध खर्च शीर्षकमा रु.३९,४९०।- खर्च लेखेकोमा रु. १९,९९०।- को मात्र बील संलग्न भएको देखिएकोले बढी खर्च लेखेको रु.१९,५००।-सम्बन्धितबाट असुल हुनु पर्ने रु.</td><td></td></tr>
<tr><td>२०</td><td></td><td></td><td>अनुदानको अनुगमन– सार्वजनिक निकायबाट उपलब्ध गराईएको अनुदानको सही सदुपयोग भए नभएको एकीन गर्न अनुदान उपलब्ध गराउने निकायले समय समयमा अनुगमन गर्नुपर्दछ । तर पालिकाले कृषि, पशुतर्फ नाम्नानुसारका विभिन्न सहकारी संस्थालाई अनुदानमा उपलब्ध गराएको देखिएको छ । तर पालिकाबाट बितरण भएको अनुदानको सहि सदुपयोग भए नभएको सम्बन्धमा अनुगमन तथा सोबाट प्राप्त उपलव्धी मापन गरेको छैन । साथै अनुदान सम्बन्धमा स्थानीय अनुदान नीति तय गरेका छैनन् । तसर्थ अनुगमनलाई प्रभावकारी वनाई संघ, प्रदेश तथा स्थानीय तहबाट वितरण हुने अनुदानमा दोहोरोपना नहुने गरी अनुदानग्राहीको जीबनस्तरमा सुधार आएको यकिन गरी रकमको पूर्ण सदुपयोग गराउने तर्फ ध्यान दिनुपर्दछ ।
<table>
<tr><th>विवरण</th><th>परिमाण</th><th>दर प्रति गोटा</th><th>भुक्तानी</th></tr>
<tr><td rowspan="3">खोर निर्माण अनुदान</td><td>१०० जनालाई बाख्राको खोर निर्माण</td><td>१००००</td><td>१००००००</td></tr>
<tr><td>३५ जनालाई कुखुराको खोर निर्माण</td><td>२००००</td><td>७०००००</td></tr>
<tr><td>३० जनालाई बंगुरको खोर निर्माण</td><td>१००००</td><td>३०००००</td></tr>
<tr><td colspan="3">जम्मा</td><td>२००००००</td></tr>
</table></td><td></td></tr>
<tr><td>२१</td><td></td><td></td><td>अस्वभाबिक ढुवानी खर्चः आर्थिक कार्यविधि नियमावली बमोजिम खर्च गर्दा किफायती तवरले गर्नु पर्ने व्यवस्था छ । पालिकाले गाउँपालिका कृषि तर्फबाट वालि रोग निदानका लागि नेपाल बहुउद्देश्यीय कृषि सहकारी संस्था लि काठमाण्डौबाट रु.१,५१,२५०।- रकमको वाली रोग निदान सम्बन्धि ९ प्रकारका औषधि/भिटामिन खरिद गरि पालिका सम्म ढुवानी गरेवापत खर्च रु. ४८,५००।- भएको भनि ठाडो भरपाइका आधारमा भुक्तानी दिएकोले देखिएकोले वास्तबिक खर्च कति भएको हो सो खर्चलाई पुष्टी हुने प्रमाण पेश हुन पर्ने अन्यथा उक्त रकममा कर कट्टी बाहेक रु .४३,६५०।- सम्बन्धितबाट असुल हुनु पर्ने देखिएको रु.</td><td>४३,६५०</td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>२२</td><td></td><td></td><td>खर्चको प्रमाण पेश नभएको</td><td></td></tr>
<tr><td>२२.१</td><td></td><td></td><td>बितरणको प्रमाणः आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली,२०७७ को नियम ३९(५) मा खर्च गर्दा खर्चको बिलभरपाई सहित लेखा राख्रुपर्नेतथा संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे वा नपुगेको जाँच गर्नु पर्नेछ भन्ने व्यवस्था छ। पालिकाले भौ नं १७७ मिति २०७८।१०।१७ बाट वडा नं ६ का वडा सचिव अशोक कुमार कटेललाई वडा संचालन खर्च रु. २,७०,६६०।- भुक्तानी गर्दा निम्नानुसारका कृषि सामग्री खरिद गरेको देखिएकोमा उक्त सामाग्रीहरु सम्बन्धितलाई बितरण गरेको नदेखिएकोले बितरणको प्रमाण पेश हुनु पर्ने रु.<br>
<table>
<tr><th>खरिद सामाग्रीको विवरण</th><th>परिमाण</th><th>दर</th><th>रकम</th></tr>
<tr><td>एग्रिकल्चर थ्रेसर</td><td>१ पिस</td><td>५७०००</td><td>५७०००</td></tr>
<tr><td>कम्वाइन्न मिल</td><td>१ पिस</td><td>३७०००</td><td>३७०००</td></tr>
<tr><td>३ इन्च वाटर पम्प</td><td>१ पिस</td><td>१६०००</td><td>१६०००</td></tr>
<tr><td colspan="3">जम्मा</td><td>११००००</td></tr>
</table></td><td>११०,०००</td></tr>
<tr><td>२२.२</td><td></td><td></td><td>खर्चको प्रमाण पेश नभएकोः<br><br>...........प्रारम्भिक प्रतिवेदन उपर प्रमाण पेश भएको आधारमा मिति २०७९।१२।२० को निर्णयबाट रु.८,७४,०१५।- सम्परीक्षण गरिएको ।</td><td></td></tr>
<tr><td>२३</td><td></td><td></td><td>शिक्षकको तलब भत्ता– अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा ९ ले स्थानीय तहलाई सशर्त अनुदान उपलब्ध गराउने व्यवस्था छ । पालिका अन्तर्गतका विद्यालयहरुमा शिक्षकहरुको तलव भत्ता रकम तथा साविकको जिल्ला शिक्षा कार्यालयबाट अनुमति प्राप्त गरी सञ्चालनमा रहेका र कुनै पनि दरबन्दी तथा राहत अनुदान कोटा प्राप्त नगरेका विद्यालयलाई शिक्षक व्यवस्थापन</td><td>२,२६२,०००</td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>गर्ने गरी शैक्षिक सत्र २०७८ का लागि सहयोग अनुदान दिन सकिने व्यवस्था छ । तर पालिकाले स्वीकृत दरबन्दीभित्र नपरेका एवं विद्यालयहरु गत विगतदेखि नै आन्तरिक स्रोतबाट तलब भत्ता व्यहोरेका शिक्षकलाई दरबन्दी मिलान बेगर राजस्व बाँडफाँडको रकमवाट रु.२२,६२,०००।- तलब भत्ता भुक्तानी गरेको अनियमित देखिएको रु.</td><td></td></tr>
<tr><td>२४</td><td></td><td></td><td>भ्रमण खर्चः भ्रमण खर्च नियमावली, २०६४ को नियम १८ मा भ्रमणमा खटिने पदाधिकारी वा कर्मचारीले भ्रमण समाप्त भएपछि नियमानुसार पाउने दैनिक भत्ता भ्रमण खर्चको बील भरी भ्रमण प्रतिवेदन साथ आवश्यक बील भर्पाई सम्बन्धित कार्यालमा पेश गर्नु पर्ने व्यवस्था रहेको छ । पालिकाले मालपोत कार्यालय ओखलढुङ्गाका ना सु कुमार प्रसाद खतिवडालाई मिति २०७८।४।५ देखि ऐ ९ सम्मको तथा मिति २०७८।५।३ देखि ऐ ७ सम्मको भ्रमण खर्च रु२२४४०। भुक्तानी गरेकोमा निजले उक्त अबधिमा पालिकामा के काम गरेको हो सो खुल्ने प्रमाण संलग्न भएको नदेखिएकोले सो को प्रमाण पेश हुनु पर्ने अन्यथा उक्त रकम असुल हुनु पर्ने रु .</td><td>२२,४४०</td></tr>
<tr><td>२५</td><td>५३८</td><td>२०७९-३-२५</td><td>पदाधिकारी सेवा सुबिधाः पदाधिकारीले आफ्नो पदमा बहाल रहँदा सम्मको मात्र सेवा सुबिधा पाउने व्यवस्था छ । पालिकाले निम्नानुसारका पदाधिकरीलाई पदबाट राजिनामा दिएपश्चात पनि रु.१५,४१६/- रकम सेवा सुबिधा भुक्तानी गराएको देखिएकोले उक्त रकम असुल हुनु पर्ने रु.
<table>
<tr><th>पदाधिकारीको नाम</th><th>वडा नं</th><th>भुक्तानी रकम</th></tr>
<tr><td>वडा सदस्य इन्द्र बहादुर थापा</td><td>७</td><td>७७०८</td></tr>
<tr><td>वडा सदस्य चन्द्रमाया बि क</td><td>१०</td><td>७७०८</td></tr>
<tr><td colspan="2">जम्मा</td><td>१५४१६</td></tr>
</table></td><td>१५,४१६</td></tr>
<tr><td>२६</td><td></td><td></td><td>कर कट्टी नभएकोः आयकर ऐन ,२०५८ मा कर कट्टी गर्नु पर्ने व्यवस्था छ । गाउँपालिकाले निम्नानुसारका भौचरबाट खर्च लेखेकोमा सो वापत देहायको कर कट्टी गरेको नदेखिएकोले कर कट्टीको भौचर पेश हुनु पर्ने रु.
<table>
<tr><th>भौ नं</th><th>शीर्षक</th><th>भुक्तानी</th><th>कट्टी गरेको</th><th>बाँकी रकम</th><th>कैफियत</th></tr>
</table></td><td>४,२१२</td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td></td><td></td><td>रकम</td><td></td><td></td><td></td></tr>
<tr><td>७।०७८।११।२३</td><td>अग्रिम कर</td><td>२०००००</td><td>०</td><td>३०००</td><td>निरिजमा मेडिको सप्लायर्स</td></tr>
<tr><td>११।०७८।१२।१३</td><td>बहाल कर</td><td>४८५००</td><td>१२१२</td><td>१२१२</td><td>नेपाल बहुउद्देश्यीय कृषि सहकारी संस्था लि</td></tr>
<tr><td colspan="4">जम्मा</td><td>४२१२</td><td></td></tr>
</table>
</td><td></td></tr>
<tr><td>२७</td><td></td><td></td><td>मर्मत खर्चः<br><br>.......प्रारम्भिक प्रतिवेदन उपर प्रमाण पेश भएको आधारमा मिति २०७९।१२।२२० को निर्णयबाट रु.१,५४,५४१ ।- सम्परीक्षण गरिएको ।</td><td>०</td></tr>
<tr><td>२८</td><td></td><td></td><td>गाडी भाडाः आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(५) मा खर्च गर्दा खर्चको बिलभरपाई सहित लेखा राख्नुपर्ने तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे वा नपुगेको जाँच गर्नु पर्नेछ भन्ने व्यवस्था छ । गाउँपालिकाका अध्यक्षका लागि प्रति महिना रु.१,६७,०००।– का दरले भाडा भुक्तानी गर्ने गरी गाडी भाडामा प्रयोग वापतको भाडा रकम निरोज बुढाथोकीलाई २०७८ श्रावणदेखि २०७८ चैत्रसम्मको रु.१,५३,०००।– तथा २०७९।१।११ देखि आषाढसम्मको रु.३,००,०००।- समेत रु.१८,०३,०००।- भुक्तानी खर्च लेखेको छ । बिगत देखि नै गा पा अध्यक्षको प्रयोजनको लागि भाडाको सवारी साधन प्रयोग गरी खर्च लेख्ने गरेको देखिएकोले यसरी गाडी भाडामा लिएर प्रयोगमा ल्याउनु भन्दा बार्षिक भाडामा खर्च हुने रकमले सवारी साधन नै खरीद गरी प्रयोग गर्दा मितव्ययी तथा किफायती एवं कार्य प्रकृति अनुकूल हुने देखिएको छ । साथै यसरी भाडामा लिइएको गाडीलाई गा.पा. अध्यक्षले २०७९।१।११ मा राजीनामा दिएपछि पुन नयाँ नियुक्त हुँदा सम्मको १ महिनाको पनि भाडा रु.१,७६,०००।- भुक्तानी गरेको देखिएकोले उक्त अबधिको भाडा रकम अनियमित देखिएको रु.</td><td>१६७,०००</td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>२९</td><td></td><td></td><td>**खर्चको प्रमाणः**<br><br>**...........***प्रारम्भिक प्रतिवेदन उपर प्रमाण पेश भएको आधारमा मिति २०७९।१२।२० को निर्णयबाट रु.२,५३,१४२।- सम्परीक्षण गरिएको ।*</td><td></td></tr>
<tr><td>३०</td><td></td><td></td><td>आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(५) मा खर्च गर्दा खर्चको बिलभरपाई सहित लेखा राख्नुपर्ने तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे वा नपुगेको जाँच गर्नु पर्नेछ भन्ने व्यवस्था छ । पालिकाले ५८४।०७९।३।२५ विविध खर्च शीर्षकमा रिद्धिसिद्धि हार्डवयेरलाई रु.३,०४,८१७।- भुक्तानी दिएकोमा उक्त हार्डवयेरले के सामान सप्लाइ गरेको हो सो खुल्ने प्रमाण संलग्न नभएकोले उक्त रकम असुल हुनु पर्ने रु.</td><td>३०४,८१७</td></tr>
<tr><td>३१</td><td></td><td></td><td>**तालिम अबधिको भत्ताः** सार्वजनिक खर्चको मापदण्ड, कार्यविधि र मितव्ययिता सम्बन्धी निर्देशिका, २०७७ को बुँदा नं.८ मा सहभागीको भ्रमण खर्चको मापदण्ड सम्बन्धमा व्यवस्था छ ।जस अनुसार पालिकालमा संचालन हुने तालिम कार्यक्रममा पालिकाका कर्मचारीहरु सहभागी भएवापत सहभागी भत्ता भुक्तानी गर्न मिल्ने देखिँदैन । कार्यालयमा मिति २०७८।९।९ देखि ९।१० सम्म संचालन भएको स्थानीय तह संस्थागत स्वमूल्याँकन सम्बन्धि २ दिने LISAअनुशिक्षण कार्यक्रममा पालिकाका निम्नानुसारका कर्मचारीलाई सहभागी भत्ता भुक्तानी गरेको देखिएकोले कार्यालय समयमा पालिकामा भएको तालिममा भत्ता भुक्तानी गरेकोले उक्त रकम असुल हुनु पर्ने रु.<br><br><table>
<tr><th>सि.नं.</th><th>पद</th><th>कर्मचारीको नाम</th><th>दर</th><th>सहभागी दिन</th><th>जम्मा रकम</th><th>कर कट्टी</th><th>खुद भुक्तानी</th></tr>
<tr><td>१</td><td>नि प्र प्र अ</td><td>प्रेमप्रसाद सुवेदी</td><td>१०००.००</td><td>२.००</td><td>२०००.००</td><td>३००.००</td><td>१७००.००</td></tr>
<tr><td>२</td><td>प्र अधिकृत</td><td>सरोज थापा</td><td>१०००.००</td><td>२.००</td><td>२०००.००</td><td>३००.००</td><td>१७००.००</td></tr>
<tr><td>३</td><td>लेखा प्रमुख</td><td>बैकुण्ठ कार्की</td><td>१०००.००</td><td>२.००</td><td>२०००.००</td><td>३००.००</td><td>१७००.००</td></tr>
<tr><td>४</td><td>सूचना प्रविधि</td><td>विशाल दाहाल</td><td>१०००.००</td><td>२.००</td><td>२०००.००</td><td>३००.००</td><td>१७००.००</td></tr>
</table></td><td>४२,३३०</td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | अधिकृत | | | | | | |
| ५ | प्रशासन सहायक | सन्जित कुमार वि क | १०००.०० | २.०० | २०००.०० | ३००.०० | १७००.०० |
| ६ | क अपरेटर | डिल्लीप्रसाद गौतम | १०००.०० | २.०० | २०००.०० | ३००.०० | १७००.०० |
| ७ | सव ईन्जिनियर | सुरेन्द्र कुमार शाह | १०००.०० | २.०० | २०००.०० | ३००.०० | १७००.०० |
| ८ | प्रा सहायक | शिवराम घिमिरे | १०००.०० | २.०० | २०००.०० | ३००.०० | १७००.०० |
| ९ | प्रशासन स | मेख बहादुर कार्की | १०००.०० | २.०० | २०००.०० | ३००.०० | १७००.०० |
| १० | स.म.वि.नि | सुनिता खत्री | १०००.०० | २.०० | २०००.०० | ३००.०० | १७००.०० |
| ११ | अ.स.ई | सुमन भट्टराइ | १०००.०० | २.०० | २०००.०० | ३००.०० | १७००.०० |
| १२ | अ.स.ई | सुदन कुमार श्रेष्ठ | १०००.०० | २.०० | २०००.०० | ३००.०० | १७००.०० |
| १३ | एम आ एस अ | अनिता श्रेष्ठ | १०००.०० | २.०० | २०००.०० | ३००.०० | १७००.०० |
| १४ | पशु शाखा प्रमुख | अशोक श्रेष्ठ | १०००.०० | २.०० | २०००.०० | ३००.०० | १७००.०० |
| १५ | स्वास्थ्य शाखा | अर्पन कार्की | १०००.०० | २.०० | २०००.०० | ३००.०० | १७००.०० |
| १६ | अ.स.ई | कुमार तोलाङी | १०००.०० | २.०० | २०००.०० | ३००.०० | १७००.०० |
| १७ | कृषि शाखा प्रमुख | मान कुमारी गुरुङ | १०००.०० | २.०० | २०००.०० | ३००.०० | १७००.०० |
| १८ | फिल्ड सहायक | श्याम कुमार पौडेल | १०००.०० | २.०० | २०००.०० | ३००.०० | १७००.०० |
| १९ | का स | सुनिता कार्की | ७००.०० | २.०० | १४००.०० | २१०.०० | ११९०.०० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| २० | का स | गोमा श्रेष्ठ | ७००.०० | २.०० | १४००.०० | २१०.०० | ११९०.०० |
| २१ | लघु उधम सहजकर्ता | कल्पना आचार्य | १०००.०० | २.०० | २०००.०० | ३००.०० | १७००.०० |
| २२ | का.स. | खड्गप्रसाद घिमिरे | ७००.०० | २.०० | १४००.०० | २१०.०० | ११९०.०० |
| २३ | का.स. | होमप्रसाद सुवेदी | ७००.०० | २.०० | १४००.०० | २१०.०० | ११९०.०० |
| २४ | का.स. | टिकाहरी श्रेष्ठ | ७००.०० | २.०० | १४००.०० | २१०.०० | ११९०.०० |
| २५ | सहायक क अ | इन्दिरा सुवेदी | १०००.०० | २.०० | २०००.०० | ३००.०० | १७००.०० |
| २६ | का.स. | लाल बहादुर रैका | ७००.०० | २.०० | १४००.०० | २१०.०० | ११९०.०० |
| २७ | का.स. | राम बहादुर खत्री | ७००.०० | २.०० | १४००.०० | २१०.०० | ११९०.०० |
| | | जम्मा | | | ४९८००.०० | ७४७० | ४२३३०.०० |

| | | | | |
|---|---|---|---|---|
| ३२ | | | **पदाधिकारी सुविधाः** | |
| ३२.१ | | | **दैनिक भ्रमण खर्चः** प्रदेश नं १ को गाउँ तथा नगरसभाका सदस्यहरुको सुविधा सम्वन्धि ऐन, २०७५ को दफा ८(४) अनुसार पालिकाको कामको सिलसिलामा आफ्नो पालिकाको क्षेत्र भन्दा बाहिर गई वस्नुपरेमा तीन दिनसम्मको भ्रमण आदेश अध्यक्षको हकमा स्वयंले स्वीकृत गर्ने सक्ने र सो भन्दा बढी दिनको भ्रमण आदेशको लागि कार्यपालिकाको वैठकबाट स्वीकृत वा अनुमोदन गर्नुपर्ने व्यवस्था छ। अध्यक्ष श्री नवराज के.सी. ले आफ्नो पालिकाको क्षेत्र भन्दा बाहिर ओखलढुङ्गा, काठमाण्डौ र विराटनगर गई वस्नुपरेको अवस्थामा तीन दिन भन्दा बढीको भ्रमण आदेश आफै स्वीकृत गरेको देखिन्छ । ऐनले तोकेको परिधि भन्दा बाहिर गएर भ्रमण आदेश स्वीकृत गर्नु नियमसम्मत नदेखिएको रु. | ८०,००० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|

| भौ.नं. र मिति | भ्रमण स्थान | भ्रमणको उद्देश्य | भ्रमण अवधि | रकम |
|---|---|---|---|---|
| ३५७-०७९/३/२ | ओखलढुङ्गा | कार्यक्रममा सहभागी हुन | 2078/5/21-5/27 | 10000 |
| ३५७-०७९/३/२ | ओखलढुङ्गा | कार्यक्रममा सहभागी हुन | 2078/4/23-4/29 | 10000 |
| ३५७-०७९/३/२ | ओखलढुङ्गा | कार्यक्रममा सहभागी हुन | 2078/9/20-9/27 | 10000 |
| ३५८-०७८/३/२ | काठमाण्डौ | मन्त्रालयको काम | 2078/7/16-7/22 | 10000 |
| ३५८-०७८/३/२ | काठमाण्डौ | मन्त्रालयको काम | 2078/10/23-10/29 | 10000 |
| ३५८-०७८/३/२ | काठमाण्डौ | मन्त्रालयको काम | 2078/11/24-11/30 | 10000 |
| ३५८-०७८/३/२ | विराटनगर | प्रदेश मन्त्रालयको काम | 2078/12/3-12/9 | 10000 |
| ३५८-०७८/३/२ | विराटनगर | प्रदेश मन्त्रालयको काम | 2078/6/1-6/7 | 10000 |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ३२.२ | २६६ | २०७९-३-२३ | **अनुगमन भत्ताः** ...........*प्रारम्भिक प्रतिवेदन उपर असुल भएको आधारमा मिति २०७९।१२।२० को निर्णयबाट रु.२४,००० ।- सम्परीक्षण गरिएको ।* | ० |
| ३३ | | | **कर कट्टी** | |
| ३३.१ | | | **कर कट्टीः** आयकर ऐन, २०५८ को दफा ८८ र ८९ मा भुक्तानीमा अग्रिम कर कट्टा गर्नुपर्ने व्यवस्था छ । गाउँपालिकाले भौ.नं ४०६।२०७९।३।३१ बाट महिला स्वास्थ्य स्वयमं सेबिकालाइ प्रोत्साहन भत्ता वापत प्रति व्यक्ति मासिक रु.२,५००।- का दरले १२ महिनाको ७६ जनालाई रु.२२,८०,०००।- रकम उपलब्ध गराएकोमा आयकर ऐन बमोजिम कर रु.३,४२,०००।- कट्टी गरेको नदेखिएकोले कर रकम असुल हुनु पर्ने रु. | ३४२,००० |
| ३३.२ | | | **मूल्य अभिवृद्धि कर कट्टी** – आर्थिक ऐन, २०७६ ले गरेको व्यवस्था अनुसार सरकारी कार्यालयले २०७६।२ १६ देखिको ठेक्का वा | ३०,१६५ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | करार अन्तर्गतको भुक्तानीमा मू.अ.कर रकमको ५० प्रतिशत तथा आर्थिक ऐन, २०७७ अनुसार मू.अ.कर रकमको ३० प्रतिशत सम्बन्धित राजस्व शीर्षकमा र बाँकी सम्बन्धित फर्मलाई भुक्तानी दिनुपर्ने उल्लेख छ । डेभियन इन्टरप्राइजेजलाई कार्यालय सामान खरिद वापत रु.८,७४,०१५।- भुक्तानी गर्दा मू अ कर रु.१,००,५५०।- भुक्तानी भएको देखिएकोमा उक्त भुक्तानीमा कट्टी हुनु पर्ने ३० प्रतिशत मू अ कर रु.३०,१६५।- सम्बन्धित आन्तरिक राजस्व कार्यालयमा दाखिला गरेको प्रमाण पेश हुनु पर्ने रु. | |
| ३४ | | | **कर दाखिलाः** आयकर ऐन, २०५८ र नियमावली बमोजिम कर कट्टी गरेकोमा उक्त कर सम्बन्धित राजस्व शीर्षकमा दाखिला गर्नुपर्नेमा पालिकाले शुत्र बाहिर कारोबार गरी खर्च लेखेका देहाय बमोजिमको वजेट उपशीर्षकको करहरु सम्बन्धित राजस्व शीर्षकमा दाखिला नगरेको देखिएकोले उक्त रकम सम्बन्धित राजस्व शीर्षकमा दाखिला भएको प्रमाण पेश हुनुपर्ने रु. | १,०५६,४६१ |

| सि.नं. | वजेट उपशीर्षक | सामाजिक सुरक्षा कर | अग्रिम आयकर | बहाल कर | मूल्य अभिबृद्धि कर |
|---|---|---|---|---|---|
| १ | गाउँपालिका चालु | ६७६ | ५७३७९ | २००० | ० |
| २ | गा पा पुँजिगत | ४६६३ | १८८१४० | १३१७६ | ७७९४६० |
| ३ | संघ चालु | ० | २७२३ | ० | ० |
| ४ | संघ पुँजिगत | ० | ७२४४ | १००० | ० |
| | कुल जम्मा | ५३३९ | २५५४८६ | १६१७६ | ७७९४६० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ३५ | | | **आन्तरिक आयतर्फः** | |
| ३५.१ | | | **आन्तरिक आम्दानीः**स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद ९ वित्तीय अधिकार क्षेत्र अन्तगत विभिन्न कर तथा शुल्क लगाउने र आय ठेक्का बापत बक्यौता रकम समेत असुली गर्ने व्यवस्था छ ।पालिकाको आन्तरीक आम्दानी मालपोत समेत रु.३,५५,१०,४८५।- उठाउने लक्ष्य रहेकोमा रु.२२,१६,००३।- असुली भएको छ । लक्ष्यको तुलनामा ६.२४ प्रतिशत मात्र राजश्व उठाएको देखिन्छ । तोकिएको लक्ष्य भन्दा ९३.७६ प्रतिशत राजश्व घटी आम्दानी भएको छ । लक्ष्य अनुसार राजश्वउठाउन सफल हुनुका साथै थप आम्दानीका श्रोतहरु पहिचान गरि आम्दानी बढाउनु पर्ने देखिन्छ । आम्दानीको अभिलेख व्यवस्थित नभएको, | |

| क्रम | भौचर नम्बर | भौचर मिति | विषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | रसिद नियन्त्रण खाता अभिलेख गरिएको रसिद र वडा कार्यालयबाट पेश भएको नगदी रसिद प्याड नमिलेको, दैनिक आम्दानी किताव साथै ई-गभर्नेन्स प्रणाली अवलम्वन गरेको छैन । रसिद नियन्त्रण खातामा अभिलेख रसिद, बुझेको रसिद र आम्दानी विवरण सहित पेश गरेको रसिदसँग मेल नभएको कारणले छपाई भएको राजश्व रसिदको दुरुपयोग हुन सक्ने देखियो । तपसिलको वडाहरुबाट राजश्व आम्दानीका रसिद उपलव्ध नगराएको कारणले रसिदबाट प्राप्त आम्दानी र दाखिला पूर्ण रुपमा भयो भन्न सकिएन जसले गर्दा राजस्व आम्दानी जोखिममा परेको छ । रसिद नियन्त्रण खाता, दैनिक आम्दानी किताव, प्रयोग भएका रसिदको अभिलेखका साथै सफ्टवेयर प्रणाली प्रयोग गरी राजश्व प्रणालीलाई व्यवस्थित गर्नुपर्ने र यस वर्षको राजस्व सम्वन्धमा पालिकाले छानविन गरी आम्दानी एकिन गर्नुपर्दछ । | |

| वडा नं | सचिवको नाम | रसिद वुझेको तर आम्दानी सहित फिर्ता नगरेका रसिदहरु | रसिद नियन्त्रण खातामा नदेखिएका तर यस वर्ष आम्दानीमा प्रयोग भएका रसिदहरु |
|---|---|---|---|
| 1 | दिप वहादुर महतरा | अभिलेख अनुसार फिर्ता गर्न बाँकी नदेखिएको | 8901-8950,3001-3050,3051-3100 |
| 2 | देवे सुनार र युवराज वुढाथोकी | अभिलेख अनुसार फिर्ता गर्न बाँकी नदेखिएको | 3151-3200 |
| 3 | मनिषा गिरी | 2201-2300,2451-2500, 2601-2700, | 651-700,2501-2550, 3401-3500, 3501-3550, 3701-3750, 4651-4700 |
| 4 | दीपक गिरी | अभिलेख अनुसार फिर्ता गर्न बाँकी नदेखिएको | - |
| 5 | युवराज वुढाथोकी | अभिलेख अनुसार फिर्ता गर्न बाँकी नदेखिएको | - |
| 6 | अशोक कुमार कट्टेल | 4051-4100, 4101-4150, 4151-4200, 4201-4250 | 1101-1200,1751-1800,5001-5100 |
| 7 | अशोक कुमार कट्टेल | कुनै पनि रसिद बुझेको र फिर्ता गरेको अभिलेख नराखेको | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>8</td><td>मिन वहादुर कार्की</td><td>501-550, 951-1000, 2001-2050, 2801-2900, 2901-3000, 4301-4350, 4351-4400</td><td>2601-26050,1901-2000,3301-3400</td></tr>
<tr><td>9</td><td>मिन वहादुर कार्की</td><td>2001-2100, 3401-3450, 5301-5400,</td><td>2701-2750</td></tr>
<tr><td>10</td><td>राम कुमार वुढाथोकी र कृष्ण वहादुर घिसिङ्</td><td>1901-2000</td><td>1151-1200,44501-4600</td></tr>
<tr><td>पालिका</td><td>शेर वहादुर धमला</td><td>3251-3300</td><td>-</td></tr>
<tr><td>पालिका</td><td>संजित कुमार वि.क.</td><td>2401-2450</td><td>-</td></tr>
<tr><td>पालिका</td><td>खडक प्रसाद घिमिरे</td><td>151-200, 251-300</td><td>-</td></tr>
<tr><td>पालिका</td><td>सुमन भट्टराई</td><td>301-350</td><td>-</td></tr>
<tr><td>पालिका</td><td>सुरेन्द्र कुमार शाह</td><td>4701-4750</td><td>-</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>३५.२</td><td></td><td></td><td>व्याकुईलोडरको राजस्वः स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद ९ वित्तीय अधिकार क्षेत्र अन्तगत विभिन्न कर तथा शुल्क लगाउने र असुली गर्ने व्यवस्था छ ।पालिकाको व्याकुईलोडर प्रयोग गरेवापत राजस्व उठाउने निर्णय गरे पनि प्रयाप्त मात्रामा राजस्व आम्दानी गरेको देखिएन । योजनामा उपभोक्ता समिति वा व्यक्तिले प्रयोग गरेवापत राजश्व उठाउने पर्नेमा उठाएको पाईएन । थप आम्दानीका श्रोतहरु पहिचान व्याकुईलोडर प्रयोग अधिकतम गरि आम्दानी बढाउनु पर्ने देखिन्छ । रसिद नं.३८३२ मिति २०७८/१२/७ मा लाल बहादुर रैकाले बुझेको रु.१६०००।- बैंक दाखिला गरेको देखिएन । उक्त राजस्व रकम संचित कोष खातामा दाखिला गर्नुपर्ने रु.</td><td>१६,०००</td></tr>
<tr><td>३५.३</td><td></td><td></td><td>राजस्व दाखिलाःस्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद ९ वित्तीय अधिकार क्षेत्र अन्तर्गत विभिन्न कर तथा शुल्क लगाउने र असुली गर्ने व्यवस्था छ । लेखापरीक्षणको क्रममा नमूना छनौट गरी परीक्षण गर्दा राम कुमार बुढाथोकीले वडा नं १० मा यस वर्ष रसिदबाट उठाएको राजस्व रकम सबै बैंक दाखिला गरेको देखिएन । तपसिलको रसिदबाट प्राप्त राजस्व मध्ये दाखिला गर्न</td><td>३९,५०१</td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>बाँकी रु.३९,५०१।- पालिकाको संचित कोष खातामा दाखिला गर्नुपर्ने रु.<br><br>
<table>
<tr><th>सि.नं.</th><th>रसिद नं.</th><th>रकम</th></tr>
<tr><td>१</td><td>4501-4600</td><td>5900</td></tr>
<tr><td>२</td><td>1151-1200</td><td>1701</td></tr>
<tr><td>३</td><td>3601-3650</td><td>8000</td></tr>
<tr><td>४</td><td>451-500</td><td>15400</td></tr>
<tr><td>५</td><td>351-400</td><td>8500</td></tr>
<tr><td></td><td>जम्मा</td><td>39501</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>३५.४</td><td></td><td></td><td>राजस्व दाखिलाः स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद ९ वित्तीय अधिकार क्षेत्र अन्तर्गत विभिन्न कर तथा शुल्क लगाउने र असुली गर्ने व्यवस्था छ ।लेखापरीक्षणको क्रममा नमूना छनौट गरी परीक्षण गर्दा वडा नं.६ को नगदी रसिद र दाखिला परीक्षण गर्दा नगदी रसिद अनुसार रु.९१,७३७।- आम्दानी देखिएकोमा २०७९/३/१७ मा रु.८०,५००।- मात्र दाखिला गरेको देखिएको छ । दाखिला गर्न बाँकी राजस्व रु.११,२३७।- पालिकाको संचित कोष खातामा दाखिला गर्नुपर्ने रु.<br><br>
<table>
<tr><th>सि.नं.</th><th>रसिद नं.</th><th>रकम</th></tr>
<tr><td>१</td><td>4501-4600</td><td>5900</td></tr>
<tr><td>२</td><td>1151-1200</td><td>1701</td></tr>
<tr><td>३</td><td>3601-3650</td><td>8000</td></tr>
</table>
</td><td>११,२३७</td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | <table><tr><td>४</td><td>451-500</td><td>15400</td></tr><tr><td>५</td><td>351-400</td><td>8500</td></tr><tr><td></td><td>जम्मा</td><td>39501</td></tr></table> | |
| ३६ | | | **पेश्की जमानत भन्दा बढी पेश्की दिएको**ः सार्वजनिक खरिद नियमावली,२०६४ को नियम ११३ को उपनियम १ अनुसार पेश्की दिँदा निर्माण व्यवसायीबाट त्यस्तो पेश्की खाम्ने गरी वाणिज्य बैंकबाट जारी भएको बैंक जमानत पेश गर्नुपर्ने व्यवस्था भएकोमा पालिकाले निम्न योजनामा बैंक जमानत पेश गरेको भन्दा निम्नानुसार पेश्की दिएको पाइयो । पालिकाले पेश्की दिँदा बैंक जमानत पेश गरेको रकमको मात्र पेश्की दिनुपर्दछ ।<br><table><tr><td>योजनाको नाम</td><td>पेश्की दिएको रकम</td><td>पेश्की जमानत पेश गरेको</td></tr><tr><td>रानीबन मोहरिया डाडाँगाउँ विलन्दु सडक</td><td>१५५००००</td><td>९५००००</td></tr><tr><td>हरिया दोभान पाङ्ग्राघारी वि पि चोक सडक वडा नं ८ कुलो निर्माण तथा स्तरोन्नति</td><td>११०००००</td><td>९०००००</td></tr></table> | |
| ३७ | | | **ठेक्का प्रतिस्पर्धाः** सार्वजनिक खरिद ऐन, २०६३ को ६१ र ६२ मा प्रतिस्पर्धाको लाभबाट वञ्चित गर्ने गराउने उद्देश्यले बोलपत्र वा प्रस्ताव पेस गर्न नहुने उल्लेख छ । त्यस्तै गरी सोही ऐनको दफा २६ मा कुनै बोलपत्रदाताले आपसमा मिलेमतो गरी बोलपत्र दाखिला गरेको प्रमाणित भएमा त्यस्ता बोलपत्रहरु रद्द हुने व्यवस्था छ । यस कार्यालयबाट ठेक्का व्यवस्थापन भएका निम्न ठेक्कामा न्युन मात्रामा वोलपत्र फाराम दर्ता भएको, लागत अनुमानको हाराहारीमा ठेक्का कवोल गरी सम्झौता भएको देखिँदा प्रतिस्पर्धा कम भएकोले ठेक्कामा मिलोमतो भएको हुन सक्ने सम्भावना देखिन्छ । विद्युतीय माध्यबाट ठेक्का व्यवस्थापन गरी ठेक्का सम्बन्धी कार्य प्रतिस्पर्धात्मक हुने व्यवस्था गर्नुपर्ने तर्फ पालिकाले ध्यान पुर्याउनु पर्ने देखिन्छ । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | कामको विवरण / लागत अनुमान / संझौता रकम / बोलपत्र विक्री संख्या / बोलपत्र दाखिला संख्या / लागत अनुमानको तुलनामा घटी % (see table below) | |
| ३८ | | | **अधुरो निर्माण कार्यः** सार्वजानिक खरिद ऐन, २०६३ को दफा ५९ को दफा ७ मा सार्वजानिक निकायसंग खरिद सम्झौता बमोजिम कामको प्रगति नगरेमा सार्वनजिक निकायले सम्झौता जुनसुकै वखत अन्त गर्न सक्ने र दफा ८ मा ७ बमोजिम सम्झौता अन्त्य भएको कारणले सम्झौता बमोजिम बाँकी रहेको कार्य पूरा गर्न जे जति रकम आवश्यक पर्छ सो रकम त्यसरी सम्झौता बमोजिम कार्य नगर्ने बोलपत्रदाताबाट सरकार बाँकी सरह असुल उपर गर्नुपर्ने व्यवस्था छ । गाउँपालिकाबाट सञ्चालित पलापु लिफ्टिङ् खानेपानी योजना २०७८।२।३० मा सम्पन्न गर्ने गरी शिरीष कन्स्ट्रक्सनसंग २०७७।१०।१८ मा सम्झौता भएकोमा निम्नानुसार कार्य नभई योजना अधुरो रहेको पाइयो । सम्झौता रकम रु.१,२१,२२,५१०।१० रहेको योजनाको रु. ८,५६,२९५।- ( ७.०६ प्रतिशत ) मात्र काम भएको सुरु म्याद समाप्त भएपछि २०७८।११।३० सम्म म्याद थप गर्दा समेत काममा कुनै थप प्रगति भएको पाइएन । पालिकाले पटक पटक ताकेता गर्दा पनी बाँकी काम सम्पन्न गर्न व्यवसायीले पहल गरेको नगरेकोले २०७९।४।१७ मा उक्त निर्माण व्यवसायीलाई कालो सूचिमा राख्नको लागि सार्वजनिक खरिद अनुगमन कार्यालयमा समेत पत्राचार गरेको देखिन्छ ।यसरी सबै काम नगरी काम बाँकी हुँदा भएको कामको गुणस्तर ह्रास हुन सक्ने र बनाएका संरचना प्रयोगमा नआई पुन: वनाउदा थप व्ययभार पर्ने देखिन्छ । पालिकाले नियमावलीको व्यवस्था अनुरुप काम नगर्ने निर्माण व्यवसायीसंग नियमानुसार ठेक्का सम्झौता अन्त्य गरी बाँकी रहेको कार्य पुरै गर्न जे जति रकम आवश्यक पर्छ सो रकम निर्माण व्यवसायीबाट सरकार बाँकी सरह असुल उपर गर्नुपर्ने देखिन्छ ।साथै उपदफा ८ अनसार सो काम वापत राखेको नेपाल बैंक लिमिटेड बाट जारी भएको रु.१८,५०,०००।- को कार्यसम्पादन जमानत र प्रथम रनिङ् बिलमा कट्टा गरेको धरौटी रु.३७,८९०।- जफत गर्नुपर्ने रु. | १,८८७,८९० |

| कामको विवरण | लागत अनुमान | संझौता रकम | बोलपत्र विक्री संख्या | बोलपत्र दाखिला संख्या | लागत अनुमानको तुलनामा घटी % |
|---|---|---|---|---|---|
| रानीबन मोहरिया डाडाँगाउँ विलन्दु सडक | ६२४०००१ | ६२०७४३१.९४ | ७ | ३ | ०.५२ |
| हरिया दोभान पाङ्ग्राघारी वि पि चोक सडक वडा नं ८ कुलो निर्माण तथा स्तरोन्नति | ६२३९९९१.३६ | ६२१८५९२.८७ | ८ | ४ | ०.३४ |

| सिं नं. | लागत अनुमान अनुसार गर्नुपर्ने काम | कार्यसम्पन्न भएको काम |
|---|---|---|

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>१</td><td>RCC RVT ३ वटा</td><td>२ वटा RVT बनाएको</td></tr>
<tr><td>२</td><td>Sump Well 1</td><td>नबनाएको</td></tr>
<tr><td>३</td><td>Pump House 3</td><td>नबनाएको</td></tr>
<tr><td>४</td><td>GI Pipeline work</td><td>३४२ मिटर मात्र काम गरेको</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>३९</td><td></td><td></td><td>
नन् फाइलरः मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १८ मा भुक्तानीमा प्राप्त मूल्य अभिवृद्धि करको विवरण भुक्तानी पाएको अर्को महिनाको २५ गतेभित्र सम्बन्धित आन्तरिक राजस्व कार्यालयमा कर विवरण सहित दाखिला गर्नुपर्ने व्यवस्था छ । तर पालिकाबाट देहायको फर्मलाई मू.अ.कर रु.१३,३६,२९१।- भुक्तानी दिएकोमा लेखापरीक्षण अवधिसम्म पनि ती फर्महरु कर विवरण नबुझाई नन्फाईलर रहेको पाइयो । कानूनी व्यवस्थाअनुसार विवरण नबुझाएकोले रु. ९,३५,४०४।- को कर समायोजन भएको प्रमाण पेश हुनुपर्ने अन्यथा ७० प्रतिशत रकम असुल हुनुपर्ने रु.
<table>
<tr><th>गोभौनं./मिति</th><th>भुक्तानी पाउनेको नाम</th><th>प्यान नं.</th><th>विजक नं र मिति</th><th>मु.अ.कर रकम</th><th>७० प्रतिशत मु.अ.कर रकम</th><th>नन्फाइलर रहेको मिति</th></tr>
<tr><td>६-२०७८।२।१</td><td>शिरिष कन्स्ट्रक्सन</td><td>६०९००७४६६</td><td>०१,२०७८।७।३</td><td>९८५१२</td><td>६८९५८</td><td>२०७८।M।४</td></tr>
<tr><td>५२१-२०७९।३।२६</td><td>सिजनल इन्जिनियरिङ् एण्ड कन्सल्टेन्सी प्रा.ली.</td><td rowspan="2">६००६५९५६१</td><td>२७,२०७९।३।२३</td><td>७०७२३८</td><td>४९५०६७</td><td rowspan="2">२०७८।M।९</td></tr>
<tr><td>२३-२०७८।९।१३</td><td>सिजनल इन्जिनियरिङ् एण्ड कन्सल्टेन्सी</td><td>०७, २०७८।९।१२</td><td>३९२००२</td><td>२७४४०१</td></tr>
</table>
</td><td>९३५,४०३</td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td></td><td>प्रा.ली.</td><td></td><td></td><td></td><td></td><td></td></tr>
<tr><td>६९-२०७८।१०।२०</td><td>सिजनल इन्जिनियरिङ् एण्ड कन्सल्टेन्सी प्रा.ली.</td><td></td><td>०८,२०७८।१०।१८</td><td>१३८५३९</td><td>९६९७७</td><td></td></tr>
<tr><td></td><td></td><td></td><td></td><td>१३३६२९१</td><td>९३५४०3</td><td></td></tr>
</table>
</td><td></td></tr>
<tr><td>४०</td><td></td><td></td><td>पोल जडानः आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमवली, २०७७ को नियम ९५ मा कार्यालय प्रमुखले आफ्नो कार्यालमा रहेका र खरिद गरेर ल्याएका जिन्सी मालसमानको विवरण र मूल्य खुलाई जिन्सी किताबमा ७ दिन भित्र आम्दानी बाँधी स्रेस्ता खडा गरी अद्याबधिक गरी राख्नु पर्ने व्यवस्था छ ।उपनियम ३ मा प्राविधिक काममा ल्याइने जिन्सी मालसमानको हकमा प्राविधिक कर्मचारीबाट जँचाइ के कस्तो अवस्थामा प्राप्त भएको हो प्रमाणित गराइ लगत खडा गर्नु पर्ने व्यवस्था छ ।पालिकाले यस वर्ष ८ मिटरका २०४ र ११ मिटरको २६५ वटा पोल खरिद गरी इन्टरटेक प्रा.ली लाई रु. १,३५,५०,६२१।- भुक्तानी गरेकोमा उक्त पोलहरु जडान नभएको पाइयो । साथै उक्त पोलहरु प्राप्त भएपछिको स्पेशिफिकेसन हनुसार भए नभएको खुल्ने गरी प्राविधिक प्रतिवेदन ( Inspection Report) समेत तयार नगरी भुक्तानी भएको छ ।उक्त पोलहरु गाउँपालिकासम्म ढुवानी गरे वापत प्रा.ली लाई रु. १५,००,०००।- भुक्तानी भएकोमा सबै पोल गाउँपालिकासम्म ढुवानी समेत नभएको देखिन्छ । ढुवानी भएको पोल मध्ये केहि पोल गाउँपालिकामै रहेको छन् भने केहि गाउँपालिकाबाट टाढा बाटोमै अलपत्र रहेका छन् । पालिकाले उक्त पोल जडान गरी जडान भएको प्राविधिक प्रतिवेदन पेश गर्नुपर्दछ ।</td><td></td></tr>
<tr><td>४१</td><td></td><td></td><td>बढी भुक्तानीः सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३ मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ्ग विल वा अन्य कुनै विल विजकको भुक्तानी गर्दा करारका शर्त बमोजिम प्राविधिक नाप जाँच गरी भुक्तानी दिनुपर्ने उल्लेख छ।घोराघोरी डडुवा चिप्लिङ् राङ्चा सडक निर्माणको गत वर्षको बाँकी रकम सिजनल इन्जिनियरिङ् एण्ड कन्स्ट्रक्शन कन्सल्टेन्सीलाई रु.१२,०९,८७२।- भुक्तानी गरेको छ । उक्त निर्माण कार्यको भ्याट बाहेको सम्झौता रकम रु.२४,६२,०५०।- भएकोमा भेरियसन अर्डर समेत नगरी भ्याट बाहेक रु. २५,६६,८२९।६० को भुक्तानी गरकोले सम्झौता रकम भन्दा बढी रु.१,१८,४००।- (मूल्य अभिबृद्दि कर समेत)</td><td>११८,४००</td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | भुक्तानी गरेको देखिएकोले बढी भुक्तानी भएको रकम सम्बन्धित निर्माण व्यवसायीबाट असुल हुनुपर्ने रु. | |
| ४२ | | | **प्रोभिजनल समः** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३ मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ्ग बिल वा अन्य कुनै बिल विजकको भुक्तानी गर्दा करारका शर्तबमोजिम भुक्तानी दिनुपर्ने उल्लेख निम्न योजनाको लागि निर्माण व्यवसायीसँगको खरिद सम्झौतामा प्रोभिजनल सममा उल्लेखित रकम भुक्तानी दिँदा खर्च भएको वास्तविक बिल पेश गरेको आधारमा भुक्तानी दिने उल्लेख भएकोमा प्रोभिजनल सम वपात रु.४,६८,५८४।- भुक्तानी दिएकोमा सो को बिल भरपाई पेश गरेका देखिएन । उक्त कार्यको वास्तविक खर्च भएको बिल पेश गर्नुपर्ने अन्यथा असुल गर्नुपर्ने रु. | ४६८,५८४ |

| गो भौ नं र मिति | योजनाको नाम | निर्माण व्यवसायी | कामको विवरण | भुक्तानी रकम |
|---|---|---|---|---|
| ५-२०७८।१०।१० | रानीवन हस्पिटल | लुम्बीनी खानी जे भि | विमा | ३१८५८४ |
| | | | ल्याव टेस्ट | ४५००० |
| ५१३-२०७९।३।२५ | रानीवन मोहरिया डाँडागाउँ विलन्दु सडक | सिजनल इन्जिनियरिङ् एण्ड कन्सल्टेन्सी प्रा.ली. | ल्याब टेस्ट | १०००० |
| ५२१-२०७९।३।२६ | हरिया दोभान पांग्राघारी वि.पी. चोक वडा नं ८ कुलो निर्माण | सिजनल इन्जिनियरिङ् एण्ड कन्सल्टेन्सी प्रा.ली. | विमा | ३०००० |
| | | | ल्याव टेस्ट | २५००० |
| ६९-२०७८।१०।२० | घोराघोरी डडुवा चिप्लिङ् राङ्चा सडक निर्माण | सिजनल इन्जिनियरिङ् एण्ड कन्सल्टेन्सी प्रा.ली. | विमा | ३५००० |
| | | | ल्याव टेस्ट | ५००० |
| | | | | ४६८५८४ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ४३ | | | **लागत अनुमानः** पालिकाले स्टिल ट्युवलर पुल खरिद गर्दा ३ वटा व्यवसायीसंग कोटेशन लिएर बनाएकोमा ३ वटा मध्ये मैनवत्ती | ९१२,४७५ |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>स्टील प्रा. लि ले पेश गरेको दर सबैभन्दा कम रहेकोमा अर्को फर्म स्मार्ट सोलार प्रा.ली ले पेश गरेको बढी दर समावेश गरी लागत अनुमान तयार गरी ठेक्का व्यवस्थापन गरेको छ । कार्यालयले लागत अनुमान तयार गर्दा स्पेशिफिकेशन खुलाउनुपर्नेमा सो समेत नखुलाई निम्मानुसार बढी लागत अनुमान स्विकृत गरेको रकम अनियमित देखिएको रु.<br>
<table>
<tr><th>सि.नं.</th><th>समानको विवरण</th><th>कार्यालयले स्विकृत गरेको दर</th><th>मैनवत्ती स्टीलले पेश गरेको दर</th><th>बढी दर</th><th>संख्या</th><th>रकम</th></tr>
<tr><td>१</td><td>८ मी ग्यालभानाइज्ड स्टील पोल</td><td>१८५८०</td><td>१७४९०</td><td>१०९०</td><td>२०४</td><td>२६१६००</td></tr>
<tr><td>२</td><td>११ मी ग्यालभानाइज्ड स्टील पोल</td><td>३२७५०</td><td>३०६९०</td><td>२०६०</td><td>२६५</td><td>५४५९००</td></tr>
<tr><td></td><td>जम्मा</td><td></td><td></td><td></td><td></td><td>८०७५००</td></tr>
<tr><td></td><td>मू.अ.कर समेत जम्मा</td><td></td><td></td><td></td><td></td><td>९१२४७५</td></tr>
</table></td><td></td></tr>
<tr><td>४४</td><td></td><td></td><td>रितपुर्वको कर विजकः मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १४ बमोजिम मूल्य अभिवृद्धि करमा दर्ता भएका फर्मसँग तोकीएको ढाँचाको कर वीजक लिई खरिद गर्नुपर्ने व्यवस्था छ । पालिकाले सिजनल इन्जिनियरिङ् एण्ड कन्सल्टेन्सी प्रा.ली. लाई रानीबन मोहरिया डाडाँगाउँ विलन्दु सडक निर्माण कार्यको बिल भुक्तानी गर्दा निर्माण व्यवसायीले पेश गरेको कर बिजक मा विजक नं. उल्लेख नभएकोले उक्त करमा भुक्तानी भएको मूल्य अभिबृद्धि कर रु. ७,०५,६८३।- को कर समायोजन पत्र पेश गर्नुपर्ने अन्यथा ७० प्रतिशत रकम रु. ४,९३,९०८।- असुल हुनुपर्ने रु</td><td>४९३,९०८</td></tr>
<tr><td>४५</td><td>३३</td><td>२०७८-९-२३</td><td>बढी भुक्तानीः सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३ मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ्ग विल वा अन्य कुनै विल विजकको भुक्तानी गर्दा करारका शर्त बमोजिम प्राविधिक नाप जाँच गरी भुक्तानी दिनुपर्ने उल्लेख छ।ताप्के डाँडा चिप्लिङ् जलकेनी सडक निर्माणको गत वर्षको बाँकी रकम सिजनल इन्जिनियरिङ् एण्ड कन्स्ट्रक्शन कन्सल्टेन्सीलाई रु.१०,९५,९४२।- भुक्तानी गरेको छ । उक्त निर्माण कार्यको सम्झौता रकम रु. ३४,०७,४०९।३९ भएकोमा सो अनुसार रु. ३४,०७,४०९।३९ को कार्यसम्पन्न भई गत आ. व. मा रु. २६,१०,०६२।७० भुक्तानी भई यस वर्ष बाँकी रु. ७,९७,३४६।-</td><td>२९८,५९५</td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | मात्र भुक्तानी गर्नुपर्नेमा रु.१०,९५,९४२।- भुक्तानी गरेको देखिएकोले बढी भुक्तानी भएको रु. २,९८,५९५।- असुल हुनुपर्ने रु. | |
| ४६ | | | **पाइप जडान नभएको:** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३(१) बमोजिम खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ्ग विल वा अन्य कुनै विलको भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी नापी कितावमा उल्लेख भएको वास्तविक कार्य सम्पादनको आधारमा भुक्तानी दिनुपर्ने व्यवस्था छ । पालिकाले दैवी प्रकोप तथा व्यवस्थापन कोषबाट पालापु खानेपानी योजनाको लागि विभिन्न साइजको रु. ९,९०,८७२।- मूल्यका पाइप खरिद गरेकोमा योजनाको काम निर्माण व्यवसायी शिरीष कन्स्ट्रक्सनले नगरी योजना अलपत्र पारेको कारण योजनाको नाममा खरिद गरिएका उक्त पाइपहरु जडान भएको पाइएन। उक्त पाइपहरु कार्यालयले उक्त पाइपहरु जडान भएको प्रमाण पेश गर्नुपर्ने रु. | ९९०,८७२ |
| ४७ | | | **हेभि उपकरणको प्रयोग:** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को नियम उपनियम (९) मा उपभोक्ता समिति वा लाभग्राही समुदायबाट सञ्चालित हुने निर्माण कार्यमा डोजर, एक्साभेटर, लोडर, रोलर, ग्रेडर जस्ता हेभी मेशिनरी प्रयोग गर्न नमिल्ने व्यवस्था छ । सो नियमावलीको प्रतिबन्धात्मक वाक्यांशमा लागत अनुमान तयार गर्दाको समयमा हेभी मेशिन प्रयोग गर्नुपर्ने जटिल प्रकृतिको कार्य भनी उल्लेख भएको रहेछ भने सम्बन्धित प्राविधिकको सिफारिशमा सार्वजनिक निकायबाट सहमति लिई त्यस्ता मेशिन प्रयोग गर्न सकिने उल्लेख छ। पालिका अन्तर्गत सञ्चालित अधिकांश सडक निर्माण तथा स्तरोन्नतिसँग सम्बन्धित योजनाका उपभोक्ता समितिहरुले डोजर, एक्साभेटर लगायतका हेभी मेशिन प्रयोग गर्ने गरेको पाइए तापनि नियमावलीको व्यवस्था बमोजिम सम्बन्धित प्राविधिकको सिफारिश गराई गाउँकार्यपालिकाको कार्यालयबाट सहमति लिएको पाइएन।यसरी उपभोक्ता समितिमार्फत उपकरण प्रयोग गरी काम गराउँदा प्रतिस्पर्धा नहुने, प्राविधिक ज्ञानको अभावमा कामको गुणस्तर नहुने, पूर्ण रुपमा मेशिन प्रयोग गरी कार्य गराउँदा रोजगारी सिर्जना नहुने अवस्था देखिने हुँदा यसरी गरेको कार्य ऐन नियमको प्रतिकूल समेत देखिन्छ। यसतर्फ गाउँपालिकाले अगामि दिनमा सुधार गर्नुपर्दछ। यसका केही उदाहरणहरु यसप्रकार रहेका छन: | |

| गो भौ नं./मिति | आयोजनाको नाम | भुक्तानी रकम | प्रयोग गरेको हेभी उपकरण | हेभी उपकरणमा भएको खर्च | कैफियत |
|---|---|---|---|---|---|
| २०६-२०७८।१२।२९ | वालकल्याण आ वि आत्मराम सडक निर्माण | १४३९००० | एक्साभेटर/डोजर | १७२८३१३ | १०० प्रतिशत मेशिन प्रयोग भएको |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>२५३-२०७९।१।१४</td><td>लामीडाँडा खरिभित्ता सडक</td><td>५५७४३२</td><td>एक्साभेटर/डोजर</td><td>६८२२९५</td><td>१०० प्रतिशत मेशिन प्रयोग भएको</td></tr>
<tr><td>१६८-२०७८।१२।७</td><td>फलाटे भञ्याङ लप्सेटोल सडक योजना</td><td>४८३८३४</td><td>एक्साभेटर/डोजर</td><td>५९९४३०</td><td>१०० प्रतिशत मेशिन प्रयोग भएको</td></tr>
<tr><td>३४४-२०७९।३।१</td><td>चिप्लिङ् पिपलबोट जलकिनी हुँदै घोराखोरी जोड्ने मोटरबाटो निर्माण</td><td>१७२८६०८</td><td>एक्साभेटर/डोजर</td><td>१७२२००२</td><td>१०० प्रतिशत मेशिन प्रयोग भएको</td></tr>
<tr><td>२७४-२०७९।१।६</td><td>पात्ले भडारे डिल्ली डाँडा सडक योजना</td><td>४२०६०७</td><td>एक्साभेटर/डोजर</td><td>५०९०००</td><td>१०० प्रतिशत मेशिन प्रयोग भएको</td></tr>
<tr><td>३१८-२०७९।२।१२</td><td>सुन्दरपुर खेलमैदान निर्माण</td><td>४२८५१४</td><td>एक्साभेटर/डोजर</td><td>५१५६७८</td><td>१०० प्रतिशत मेशिन प्रयोग भएको</td></tr>
<tr><td>३९७-२०७९।३।१९</td><td>ठुटेपिपल बिसउना बढहरे मोटरबाटो मर्मत</td><td>८४६८७९</td><td>एक्साभेटर/डोजर</td><td>१०३००१७</td><td>१०० प्रतिशत मेशिन प्रयोग भएको</td></tr>
<tr><td>४९७-२०७९।३।२८</td><td>जोगी डाँडा जल्किने सडक निर्माण</td><td>७६१५४८</td><td>एक्साभेटर/डोजर</td><td>९१५४६३</td><td>१०० प्रतिशत मेशिन प्रयोग भएको</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>४८</td><td></td><td></td><td>अनुपातिक कट्टीः सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(४) मा उपभोक्ता समिति वा लाभग्राही समुदायलाई निर्माण कार्यको बिल भुक्तानी दिँदा लागत अनुमानमा रहेको मुल्य अभिबृद्धि कर, ओभरहेड कन्टिन्जेन्सी रकम र जनसहभागीताको अंश कट्टा गरेर मात्र भुक्तानी दिनु पर्ने व्यवस्था छ । जस अनुसार निम्न निर्माण कार्य गर्दा उपभोक्ता समिति मार्फत गराउँदा उपभोक्ता समिति र पालिकाले बेहार्ने अंश उल्लेख गरी सम्झौता भएको देखिन्छ । तर निर्माण कार्य सम्पन्न गर्दा घटी मूल्यांकन भएको अवस्थामा पालिकाले अनुपातिक कट्टी गरी भुक्तानी दिनुपर्नेमा सो गरेको नदेखिएको र कतिपय योजनामा उपभोक्ताको जनसहभागिता अंश नकटाई पुरै रकम भुक्तानी गरेकोले बढी भुक्तानी भएको देहाय अनुसारको रु.४,१९,३३९।-सम्बन्धित उपभोक्ता समितिसंग असुल हुनुपर्ने रु.</td><td>४१९,३३९</td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
| --- | --- | --- | --- | --- |

| गो भौनं./मिति | उपभोक्ता समिति र काम | सम्झौता रकम | कार्य सम्पन्न रकम | उपभोक्ताले व्यहोर्ने % | भुक्तानी रकम | घटी अनुपातिक कट्टी रकम |
| --- | --- | --- | --- | --- | --- | --- |
| २०३-२०७८।११।२० | सुन्दरपुर पिपलडाँडा सिल्खुवेशी सडक निर्माण | १३८२६४३.३३ | ४९११७७ | १६.६८ | ४९११७७ | ८१९३४ |
| २९५-२०७९।१।२५ | चम्पादेवी मन्दिर खानेपानी तथा पुर्वाधार निर्माण | ५७६७८२.८९ | ५७४१९४.८१ | १६.७८ | ५००००० | २२१५५ |
| ३४४-२०७९।३।१ | चिप्लिङ् पिपलबोट जलकिनी हुँदै घोराखोरी जोड्ने मोटरबाटो निर्माण | १७२८६०८.०२ | १७२१९७९.९८ | १६.६९ | १७२८६०८ | २९४०२६ |
| ३६१-२०७९।३।७ | आशौच गृह निर्माण योजना | १४९७६०० | १४९६६६४ | १६.६७ | १२६८३४९ | २१२२४ |
| | | | | | | ४१९३३९।- |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
| --- | --- | --- | --- | --- |
| ४९ | | | **बढी भुक्तानीः** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १० मा निर्माण कार्यको लागत अनुमान तयार गर्दा नर्म्स भए त्यस्तो नर्म्स बमोजिम स्वीकृत जिल्ला दररेटको आधारमा दर विश्लेषण गर्नुपर्ने र सोहि अनुरुप भुक्तानी गर्नुपर्ने व्यवस्था छ । फलाटे भञ्ज्याङ् लप्सेटोल सडक योजना निर्माण कार्यको Hard Soil को लागत अनुमान प्रति घनमिटर रु.५०.७२ कायम गरेकोमा भुक्तानीमा दर बिश्लेषण अनुसार भुक्तानी गर्नुपर्नेमा रु. १५२.१६ का दरले भुक्तानी गरेकोले बढी भुक्तानी भएकोले ४७२.०५ घनमिटरको प्रति घनमिट रु. १०१.४४ का दरले बढी भुक्तानी भएको रु.४७,८८५।- असुल हुनुपर्ने रु. | ४७,८८५ |
| ५० | | | **खरिद गरेको पाइप भन्दा पाइपलाईन खनेको बढी भुक्तानीः** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३ मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ्ग विल वा अन्य कुनै विल विजकको भुक्तानी गर्दा करारका शर्त बमोजिम प्राविधिक नाप जाँच गरी भुक्तानी दिनुपर्ने उल्लेख छ । निम्न योजनामा उपभोक्ताले पाइप खरिद एवं जडान गरेको पाइप खरिद गरेको भन्दा पाइपलाईन खनेको बढी परिमाणको भुक्तानी गरेको देखिएकोले प्रति घनमिटर रु. ३९३ का दरले बढी परिमाण खनेको वापत भुक्तानी | २८४,९०४ |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>विषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>भएको रकम सम्बन्धित उपभोक्ता समितिसंग रु.२,८४,९०४।-असुल गर्नुपर्ने रु.
<table>
<tr><th>गो भौ नं</th><th>योजनाको नाम</th><th>पाइप खरिद परिमाण</th><th>पाइपलाईन खन्ने परिमाण</th><th>बढी परिमाण घ मि</th><th>बढी भुक्तानी</th></tr>
<tr><td>२६१</td><td>घ्याङ्लेखोला निगाले सिंचाई योजना</td><td>४०० मिटर</td><td>१३५० मिटर</td><td>४८७.५७</td><td>१९१५२८</td></tr>
<tr><td>३८०</td><td>काडेवारी मुहान गरी ठाटी घोराघोरी खानेपानी आयोजना</td><td>६०००</td><td>६९९०</td><td>२३७.६</td><td>९३३७६</td></tr>
<tr><td></td><td>जम्मा</td><td></td><td></td><td></td><td>२८४९०४</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>५१</td><td>५०२</td><td>२०७९-३-२४</td><td>पाइप जडान नभएकोः सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३ मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ्ग विल वा अन्य कुनै विल विजकको भुक्तानी गर्दा करारका शर्त बमोजिम प्राविधिक नाप जाँच गरी भुक्तानी दिनुपर्ने उल्लेख छ । विलन्दु खानेपानी योजनामा कार्यालयबाट विभिन्न साइजका २०००० मिटर पाइप खरिद भएकोमा योजनामा १२००० मिटरमात्र पाइप जडान भएको देखिएकोले बाँकी ८००० मिटर पाइप विभिन्न ५ फरक साइजको खरिद गरेको औषत दर प्रति मीटर खरिद दर रु. ६८.९१ अनुसार जडान भएको प्रमाण पेश गर्नुपर्ने रु.</td><td>५५८,४८०</td></tr>
<tr><td>५२</td><td></td><td></td><td>उपभोक्ता समिति छनौटः सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ मा एक करोड सम्मको लागत अनुमान भएको निर्माण कार्य उपभोक्ता समिति वा लाभग्राही समुदायबाट गराउन सक्ने र यसका लागि सम्बन्धित काम र सेवाको प्रकृति परिमाण लाग्ने रकम उपभोक्ता समिति वा लाभग्राहि समुदायले व्योहोर्ने वा बेहोर्नुपर्ने रकम र अन्य आवश्यक कुराहरु खुलाइ सार्वजनिक निकायले सार्वजनिक सुचना प्रकाशन गरि प्रस्ताव माग गर्न वा त्यस्तो समिति वा समुदाय आंफैले प्रस्ताव वा निवेदन पेश गर्न सक्ने व्यवस्था रहेको छ । कार्यालयले यस बर्ष उपभोक्ता कार्य गराउंदा सम्झौताबाहेक सम्झौता पुर्वका उक्त प्रकृया पालना गरेको कुनै कागजात तथा आधार पेश हुन आएन । यसबाट विकास निर्माण कार्यमा उपभोक्ता समिति छनौटको आधार पारदर्शी र प्रतिसपर्धात्मक तवरले भएको देखिएन । यसबाट निर्माण कार्यको समय लागत र गुणस्तरमा असर पर्ने हुंदा उपभोक्ता समिति वा लाभग्राही समूह छनौट गर्दा</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | उक्त नियमावलीको व्यवस्था पालना गरी पारदर्शी र प्रतिस्पर्धात्मक तवरले गर्नुपर्दछ । | |
| ५३ | | | **भुक्तानी दिन बाँकी कच्चावरी वेगर भुक्तानीः** आर्थिक कार्यविधी तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(१३) मा चालु वर्षको वजेटले नखामेको खर्च व्यहोर्नु पर्ने उचित आधार र पर्याप्त कारण भएमा सम्वन्धित कार्यालयले संलग्न विल भरपाई बमोजिमको रकम आगामी वर्षमा भुक्तानी दिने गरी महालेखापरीक्षकवाट स्विकृत ढाँचामा भुक्तानी दिन वाँकीको विवरण तयार गरी आर्थिक वर्ष समाप्त भएको सात दिनभित्र कोष तथा लेखा नियन्त्रक कार्यालयवाट प्रमाणित गराई राख्नुपर्ने व्यवस्था रहेको छ। संघिय कार्यालयमा जस्तै स्थानीय तहले पनी गत वर्षको भुक्तानी गर्ने प्रायोजनार्थ आवश्यक कानुनी व्यवस्था गरी आन्तरिक नियन्त्रण प्रणालीको कार्यान्वयन गर्नुपर्नेमा पालिकाले भुक्तानी दिन वाँकीको कच्चावारी वेगर नै देहायको कार्यको लागि भुक्तानी दिएको पाइयो।यसरी भुक्तानी दिन बाँकी कच्चावारी वेगर भुक्तानी दिएको र निर्माण व्यवसायीले यस आ. व. को कर विजक पेश गरेकोले वास्तवमा भुक्तानी दिन बाँको हो वा होइन यकिन हुन सकेन । पालिकाले यसमा ध्यान पुर्याउनु पर्दछ । | |

| भौ नं | विवरण | रकम |
|---|---|---|
| ३३-२०७८।९।१३ | सिजनल इन्जिनियरिङ् एण्ड कन्स्ट्रक्शन कन्सल्टेन्सीलाई ताप्के डाँडा चिप्लिङ् जलकेनी सडक निर्माणको गत वर्षको बाँकी रकम भुक्तानी | १०९५९४२ |
| ६९-२०७८।१०।२० | सिजनल इन्जिनियरिङ् एण्ड कन्स्ट्रक्शन कन्सल्टेन्सीलाई घोराघोरी डडुवा चिप्लिङ् राङ्चा सडक निर्माणको गत वर्षको बाँकी रकम भुक्तानी | १२०९८७२ |
| | | २३०५८१४ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ५४ | | | **सुरक्षित नागरिक आवास कार्यक्रमः** | |
| ५४.१ | | | सुरक्षित नागरिक आवास कार्यक्रम कार्यान्वयन कार्यविधि २०७५ को दफा १० अनुसार कार्यक्रमको प्रगति प्रतिवेदन तयार गरी सम्वन्धित निकायहरुबीच समन्वय गर्ने र सोको विवरण विभागमा पेश गर्नुपर्ने व्यवस्था छ ।साथै दफा ५(८) मा अनुदानग्राहीले प्राप्त गरेको पहिलो किस्ताको अनुदानबाट जस्तापाता र काठ लगायतका सामाग्री खरिद गरी निर्माण कार्य सम्पन्न भएको भनि सम्वन्धित | ६,११५,००० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
